म.जि. प्र. का. द.तं. : १०६/०६८, वर्ष १४ अंक २२७ शनिबार, १६ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 29 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ८ केजी अफिमसहित हेटौंडाका गौतम र भोलन बाराबाट पक्राउ

हेटौंडा, १५ चैत/८ किलो २५२ ग्राम लागूऔषध अफिम सहित हेटौंडा-१२ का २ जना बारा प्रहरीले नियन्त्रणमा लिएको छ । हेटौडा उपमहानगपालिका-१२ बस्ने वर्ष ४४ का मिलन भोलान र वर्ष ४७ का गोपालप्रसाद गौतमलाई अफिमसहित नियन्त्रणमा लिएको बारा प्रहरीले जानकारी दिएको छ । शुक्रबार दिउँसो ३ बजेको समयमा सशस्त्र प्रहरी बल नेपाल राजस्व प्रहरी इकाई पथलैया, बाराबाट खटिएको सशस्त्र प्रहरीटोलीले बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१ बाट उनीहरूलाई नियन्त्रणमा लिएको हो । बा प्र -०१-०२९ च ५४१४ नम्बरको कारलाई राजमार्गमा रोकी चेकजाँच गर्दा कारमा लुकाईछिपाई ल्याइएको लागूऔषध अफिम बरामद गरेको प्रहरीले जनाएको छ । अफिमसहित दुबैजनालाई नियन्त्रणमा लिई आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, बारामा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

# समाजवादी मोर्चाको सभा, राजावादीको प्रदर्शनी

● पूर्वराजाप्रति आक्रामक ● सरकारलाई खबरदारी ● दुईको मृत्यु ● काठमाडौंमा कर्फ्यू

साझाकुरा संवाददाता

काठमाडौं, १५ चैत/ पूर्वराजा ज्ञानेन्द्रको उक्साहटमा राजावादीले उच्छृङ्खल गतिविधि बढाइरहेका बेला संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधरले शुक्रबार राजधानीमा वृहत् जनसभा गरे ।

तीनकुने क्षेत्रमा राजावादीले उच्छृङ्खल प्रदर्शन र हिंसात्मक गतिविधि मच्चाइरहँदा भृकुटीमण्डपबाट गणतन्त्र पक्षधरले शान्तिपूर्ण रूपमा प्रतिवाद गरे ।

राजधानीका विभिन्न ठाउँबाट ¥यालीसहित भृकुटीमण्डपमा जम्मा भएको सभालाई सम्बोधन गर्ने क्रममा शीर्ष नेताहरू राजसंस्थाप्रति आक्रामक रूपमा प्रस्तुत भए । सरकारको गतिविधिका कारणले समेत राजावादीले स्पेस पाएको भनेर सरकारलाई खबरदारी गरे ।





वृहत् जनसभाका नेतृत्वकर्ता नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड थिए । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संविधानसभाबाट संविधान जारी गर्नका लागि १० वर्षे सशस्त्र युद्ध (जनयुद्ध) को नेतृत्व गरेका प्रचण्डले राजावादीलाई 'मण्डले'को संज्ञा दिए ।

'मण्डले अराजकताको पराकाष्ठा भएको छ । घरमा आगो लगाएका छन् मण्डलेहरुले, पुलिसमाथि आक्रमण गरेका छन्,' सभालाई सम्बोधन गर्दै प्रचण्डले भने । राजावादीहरूले परिस्थिति उत्तेजित पार्न चाहिरहेको प्रचण्डको बुझाइ छ । 'एक दुई जना मरुन् भन्ने चाहेका छन् । त्यो राजावादीहरूको चरित्र हो,' प्रचण्डले भने ।

तर, आफूहरू शान्तिपूर्ण तरिकाबाट राजावादीको गतिविधि नियन्त्रण हुनुपर्छ भन्नेमा रहेको प्रचण्डले सुनाए । बरु सरकारले राजावादीको गतिविधि नियन्त्रणका लागि पर्याप्त पूर्वतयारी र अन्य कार्य नगरेको प्रचण्डको आरोप छ ।

'अहिले उल्टो-उल्टो काम हाम्रो प्रधानमन्त्रीले गर्नुको अर्थ उहाँ राजवादीसँग त मिल्या होइन भन्ने गम्भीर प्रश्न उठेको छ । भित्रभित्रै उहाँ हिजो पनि कहीँ न कहीँ मिल्न खोज्नुहुन्थ्यो,' प्रचण्डले प्रधानमन्त्री ओलीमाथि नै आशंका गरे ।

गणतन्त्रप्रति प्रधानमन्त्री ओलीको प्रतिबद्धता गणतन्त्र आउँदै गर्दा नरहेको प्रचण्डले स्मरण गरे । 'बयलगाडामा चढेर गणतन्त्र आउँदैन भनेर ओलीले पहिले पनि भनेको हो,' प्रचण्डले सम्झिए ।

तथापि, गणतन्त्र प्राप्तिप्रति जनताको अवस्था परिवर्तन गर्नका लागि गर्नुपर्ने काममा कमी रहेको र यसले जनतामा निराशा जन्माएको प्रचण्डले स्वीकार गरे ।

गणतन्त्रवादी दलहरूले जनअपेक्षाअनुरूप काम गर्न नसक्दा राजावादीहरूले टाउको उठाउन खोजेको उनको आशंका छ । 'हामी गणतन्त्रवादीले जनताका आशा/अपेक्षाअनुरूप काम गर्न नसकेकै कारण इतिहासको कुडा-कर्कटमा पुऱ्याइएकाहरूले टाउको उठाएका हुन्,' प्रचण्डको निचोड छ ।

'हामी गम्भीर आत्मालोचना गर्दै गल्तीबाट शिक्षा लिएर जनताको पक्षमा लाग्छौं,' प्रचण्डले आत्मालोचना गरे । तथापि, राजतन्त्र फर्किने सपना नदेख्न चेतावनी दिँदै प्रचण्डले विगतमा गरेका गल्तीको फल अहिले पूर्वराजा ज्ञानेन्द्रले भोगिरहेको बताए । थप गल्ती नगर्न पूर्वराजा ज्ञानेन्द्रलाई चेतावनी दिए ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल वंशको शासन फर्काउने सपना नदेख्न राजावादलाई आग्रह गरे । अन्यथा, राजावादी भन्नेहरूले ठूलो मूल्य चुकाउनुपर्ने उनको चेतावनी छ ।

नेपालका अनुसार सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले फेरि राजतन्त्र स्वीकार गर्न सक्दैनन् । २४० वर्षको शाह वंशको शासन र १०४ वर्षको राणा शासनले नेपाली जनतालाई दास बनाएको उल्लेख गर्दै अध्यक्ष नेपालले अब नेपाली जनताले कसैको दासता स्वीकार नगर्ने बताए ।

पूर्वराजा ज्ञानेन्द्रप्रति आक्रामक रुपमा प्रस्तुत भएका नेपालले सरकारलाई पनि खबरदारी गरे । 'देशमा सबैतिर निराशा छ, मिटरव्याज पीडितको समस्या छ, सहकारी, सकुमवासीको समस्या छ, दलितहरूको त्यस्तै बिजोग छ । तर यसको अर्थ पूर्वराजा विकल्प हुन सक्दैनन्,' उनले भने ।

सरकार जनताबाट टाढिएको र जनताको भावनालाई नबुझेकोले समेत राजावादीले स्पेस पाएको उनको भनाइ छ । सभामा अन्य वक्ताहरू पनि पूर्वराजाप्रति आक्रामक रुपमा प्रस्तुत भए भने जनताको अपेक्षा पूरा गर्नेतिर ख्याल गर्न सरकारलाई खबरदारी गरे ।

२८ चैत २०६४ सालमा सम्पन्न संविधान सभाको चुनावबाट निर्वाचित संविधान सभाको पहिलो बैठक (१५ जेठ २०६५) ले नेपालबाट राजतन्त्र अन्त्यको घोषणा गरेको थियो । तर पछिल्लो समय राजतन्त्र पक्षधर पुन: सल्बलाउन थालेका छन् । राजनीतिमा आउन मन भए पार्टी खोल्न वा कुनै पार्टीको नेतृत्व गरेर चुनाव लडेर बहुमत ल्याएर प्रधानमन्त्री वा राष्ट्रपति बन्न गणतन्त्रवादी दलहरुको सुझाव छ ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) ले राजावादीलाई नउचालिन आग्रह गरे । राजतन्त्र फर्किने सपना देखेर जनतालाई दु:ख दिने काम भइरहे सहृय नहुने उनको चेतावनी छ ।

'विदेशीको षडयन्त्रमा केही तत्वले राजतन्त्रको कुरा गरेका छन्,' उनले भने, 'इतिहास फर्किँदैन । षडयन्त्र हुन्छन्, त्यसप्रति हामी सतर्क र खडा छौं । कुनै तत्व उचालिएर केही हुनेवाला छैन ।'

नेपाली जनतालाई पूर्वराजा ज्ञानेन्द्र जस्तो प्रभुहरूको खाँचो नरहेको उनले बताए । ४ सय वर्ष पार गरेर गणतन्त्रमा आइपुगेको उल्लेख गर्दै उनले अगाडि भने, 'सामन्तवादबाट लादिएर आएका हामीले ठूलो त्याग संघर्ष र बलिदानबाट वर्तमान व्यवस्था प्राप्त गरेका हौं । यसमा भएका गल्ती सुधार गर्ने हो । अगाडि बढेर जाने हो, पछाडि हट्ने होइन ।'

### एक पत्रकारसहित दुई जनाको मृत्यु

दुर्गा प्रसाईको मुख्य नेतृत्वमा शुक्रबार काठमाडौंमा भएको राजावादीको प्रदर्शनमा एक पत्रकारसहित दुई जनाको मृत्यु भएको छ । प्रहरीको गोली लागेर कीर्तिपुर नगरपालिका-४ घर भएका सविन महर्जनको मृत्यु भएको गृह मन्त्रालयका सहसचिव छवि रिजालले जानकारी दिए ।

२९ वर्षीय महर्जन राजावादीको प्रदर्शनमा सहभागी थिए । प्रदर्शनस्थलमा तनाव भएसँगै प्रहरीले गोली चलाएको थियो ।

यसैगरी शुक्रवार दिउँसो राजावादीबाट आगजनी भएको घर सँगै पत्रकार सुरेश रजकको शव फेला परेको छ । शव पत्रकार रजकको पुष्टि भएको उपत्यका प्रहरी कार्यालयका एक अधिकृतले जानकारी दिए । रजक एभिन्युज टेलिभिजनमा कार्यरत थिए ।

### काठमाडौंमा कर्फ्यु

जिल्ला प्रशासन कार्यालय काठमाडौँले कर्फ्यु आदेश जारी गरेको छ । प्रशासनको पछिल्लो सूचनाअनुसार कर्फ्यु शनिबार बिहान ७ बजेसम्म लागू गरिएको हो । यसअघि प्रशासनले शुक्रबार राति १० बजेसम्म कर्फ्यु लागू गरेकोमा स्थिति सहज भइनसकेकाले आदेश लम्ब्याइएको बताइएको छ ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जारी गरेको सूचनामा भनिएको छ, 'अवस्थाको विश्लेषण गर्दै यसअघि जारी भएको कर्फ्यु आदेशको निरन्तरता स्वरुप मिति २०८१।१२।१५ गते रातीको १० बजेदेखि मिति २०८१।१२।१६ गते विहान ७ बजेसम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकाभित्र तोकिएको सीमाना भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी गरिएको छ ।'

प्रशासनले बानेश्वर तिनकुने क्षेत्र, गौशालादेखि एयरपोर्ट, गैरीगाउँ, तीनकुने हुदै कोटेश्वर, कोटेश्वरदेखी जडिबुटी पुल, कोटेश्वरबाट बालकुमारी पुलसम्म, बानेश्वर चोकदेखि शंखमुल पुलसम्म र गौशाला चोकदेखि पुरानो बानेश्वर हुँदै नयाँबानेश्वर चोकसम्म कर्फ्यु आदेश जारी गरिएको सूचनामा उल्लेख छ ।

### १७ जना पक्राउ

काठमाडौंको तीनकुने लगायत क्षेत्रमा राजावादीको आन्दोलनका क्रममा ठूलो जनधनको क्षति पुऱ्याइएपछि राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रसहित १७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मिश्रसहित राजावादी समूहको आन्दोलन परिचालन समितिका संयोजक धवलशमशेर राणा, सेफोर्ड लिम्बु, सन्तोष तामाङ, स्वागत नेपाललाई प्रचलित ऐनअनुसार विभिन्न कसूरमा पक्राउ गरिएको प्रहरीको उच्च स्रोतले जनाएको छ ।

### राजावादीका संयोजक सुवेदी नजरबन्दमा

राजसंस्था पुनस्थापनाका लागि जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीलाई प्रहरीले घरमै नियन्त्रणमा राखेको छ । उनलाई आफ्नै निवासमा नियन्त्रणमा राखिएको प्रहरीका एक अधिकृतले जानकारी दिएका छन् । ती अधिकृतका अनुसार उनको स्वास्थ्य अवस्थाका कारण प्रहरी कार्यालयमा नल्याइएको हो ।

### तीनकुने घटनाको सरकारद्वारा भर्त्सना, घाइतेको उपचार गर्ने निर्णय

सरकारले पूर्वराजाका समर्थकहरूले काठमाडौंको तीनकुनेमा घटाएको घटनाक्रमप्रति घोर भर्त्सना गरेको छ । शुक्रबार अबेर प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय लिएको सरकरका प्रवक्ता पृथ्वीसुब्बा गुरुङ्ले जानकारी दिए ।

मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै स्वास्थ्य लाभको कामना गर्ने निर्णय भएको पनि उनले बताए । त्यस्तै, शुक्रबारको घटनामा घाइते भएकाहरूको उपचार व्यवस्था सरकारले नै मिलाउने निर्णय भएको पनि उनले जानकारी दिए । घटनाका दोषीलाई छानबिन गरी कारबाही गर्ने निर्णय पनि सरकारले गरेको छ ।

'आगामी दिनमा यस्ता घटना हुन नदिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ,' सूचना सञ्चार तथा प्रविधिमन्त्री समेत रहेका गुरुङ्ले भने ।

## रोजगारमूलक र प्रविधिमैत्री शिक्षामा जोडदिनुपर्छः *मन्त्री खड्का*




साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्यामबहादुर खड्काले अबको शिक्षा व्यवहारिक, रोजगारमूलक र प्रविधिमैत्री हुनुपर्ने बताएका छन् ।

औपचारिक शिक्षा हासिल गरिसकेपछि विद्यार्थीले तत्काल रोजगार नपाउने र विदेशिनुपर्ने बाध्यात्मक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै मन्त्री खड्काले अब दिइने शिक्षा व्यवहारमा लागू हुने, रोजगारमूलक र प्रविधियुक्त हुनुपर्नेमा जोड दिएका हुन् । हेटौंडा-२ स्थित सिद्धार्थ माविको ४६ औं अभिभावक भेला शुक्रबार उद्घाटन गर्दै मन्त्री खड्काले अब कृषि शिक्षालाई नेपालको भूमि सुहाउँदो पाठ्यक्रम बनाएर लागू गर्नुपर्ने र बालबालिकाको चाहना, रुचि, स्वभाव र व्यवहार अनुकुल पढ्न पाउने व्यवस्था लागू हुनुपर्ने बताए ।

औपचारिक शिक्षा सकिएपछि व्यक्तिसँग कुनैपनि विषयमा हुनुपर्ने विशेष क्षमता र सीप विकास नहुँदा सरकारको लगानी र अभिभावकको चाहना सफल नभएकोमा दु:ख व्यक्त गर्दै मन्त्री खड्काले आगामी दिनमा बागमती प्रदेश सरकारले नयाँ ढंगको शिक्षा प्रणाली लागू गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री खड्काले वर्तमान शैक्षिक प्रणाली सुधारको लागि उद्योग वा रोजगार प्रदायक क्षेत्रसँग समन्वय गरी सोहीअनुसार जनशक्ति उत्पादन गर्ने पाठ्यक्रम विकास गर्नुपर्नेमा उनको जोड थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नं. वडाअध्यक्ष सविन न्यौपाने, २ नं वडाअध्यक्ष विष्णुगोपाल महर्जन, विव्यसका पूर्वअध्यक्षद्वय गुणराज घिमिरे, मधु बजगाई, सिद्धार्थ ल क्याम्पस प्रमुख मोहनप्रसाद शर्मा, विद्यालय व्यवस्थापन समिति सदस्य लक्ष्मी श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## मानवसेवा आश्रमको महायज्ञको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/हेटौंडा उपमहानगरपालिका-९ स्थित मानवसेवा आश्रमले गर्न लागेको श्रीमद्भागवत् सप्ताह ज्ञानमहायज्ञको सम्पूर्ण तयारी पूरा भएको छ ।

शुक्रबार कार्यालयमा पत्रकार सम्मेलन गर्दै चैत्र १७ गतेदेखि २४ गतेसम्म हुने महायज्ञको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको हो । आश्रमको मुख्य कार्यालयको प्राङ्गणमा हुने महायज्ञमा भागवत भाष्कर कमलनयन गौतमबाट कथा प्रवचन हुने आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिएका छन् । आश्रमको क्षमता अभिवृद्धि र आश्रम व्यवस्थापनलाई थप सहज बनाउन महायज्ञ गर्न लागिएको उनले बताए । महायज्ञबाट उठेको रकमबाट १० करोडको अक्षयकोष स्थापना गरिने बताइएको छ । २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको संकल्पलाई पूरा गर्नको लागि आधार तयार पार्न महायज्ञले सहयोग पुऱ्याउने उनको भनाई छ ।

महायज्ञको पहिलो दिन चैत्र १७ गते बिहान ७:३० बजेदेखि कृष्माण्डसरोबर त्रिवेणीधामबाट बाजागाजा सहित कलशयात्रा निकालिने संरक्षक अधिकारीले जानकारी दिए । महायज्ञको समुद्घाटन बिहान ९ बजे बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले गर्नेछन् । त्यसैगरी चैत्र १८ गतेदेखि २४ गतेसम्म प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म पतञ्जली योग समिति, जीवन विज्ञान, द आर्ट अफ लिभिङ, मोक्षपथ फाउण्डेशन लगायत अन्य संघसंस्थाको सहकार्यमा नि:शुल्क योगशिविर सञ्चालन हुनेछ ।

बिहान ८ बजेदेखि १० बजेसम्म मकवानपुरका सामुदायिकदेखि संस्थागत विद्यालयमा अध्ययनरत् कक्षा १०, ११ र १२ का विद्यार्थीसँग मनको व्यवस्थापन, सकारात्मक सोच, मानवता प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिने अध्यक्ष अधिकारीले बताए । प्रत्येक दिन साँझ ६ बजेदेखि ७:३० बजेसम्म स्थानीय कलाकारको भजनकीर्तन र ७:३० बजेदेखि ९:३० बजेसम्म राष्ट्रिय कलाकारको भजनकीर्तनको कार्यक्रम रहेको छ । हेटौंडामा हुन लागेको यो महायज्ञ १० औं हो । यसअघि आश्रमले चितवन, लमजुङ, पोखरा, बुटवल, दाङ, सुर्खेत, धनगढी र सर्लाहीमा महायज्ञ गरि सकेको छ । हेटौंडा स्थित कार्यालयले हालसम्म १ हजार ७ सय ९६ जनाको उद्दार गरिसकेको छ भने २ सय ३८ जना अझै आश्रित छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

विज्ञान/प्रविधि

# आइफोनभन्दा एन्ड्रोइड स्मार्टफोन किन सस्तो हुन्छ ? यस्तो छ सफ्टवेयरको खेल



आमरुपमा बजारमा उपलब्ध एप्पलका फोनकोहरु एन्ड्रोइड स्मार्टफोनको तुलनामा अधिक महंगा हुन्छन् । एप्पलको सबैभन्दा सस्तो स्मार्टफोनको मूल्य नै यतिधेरै हुन्छ कि त्यो मूल्यमा दुईवटा प्रिमियम एन्ड्रोइड स्मार्टफोन नै आउँछन् ।

आखिर उहीँ काम गर्ने स्मार्टफोनहरु बीचको मूल्यको यतिधेरै अन्तर किन होला ? वास्तवमा स्मार्टफोनको मूल्य तयर हुनुका पछाडि विभिन्न कारण हुन्छन् । त्यसमा पनि सबैभन्दा ठूलो तत्व चाहीँ त्यसमा पाइने सफ्टवेयर अर्थात् अपरेटिंग सिस्टम हुन्छ । यसले नै कुनैपनि स्मार्टफोनले कसरी काम गर्छ भन्ने कुरा तय गर्दछ ।

अपरेटिंग सिस्टमले नै फोनको पर्फर्मेन्स, सुरक्षा तथा फिचरहरु तय गर्दछ । एप्पलको आइओएस वाला फोन महंगो पर्नुको मूख्य कारण यहीँ अपरेटिंग सिस्टम नै हो ।

**सफ्टवेयरका कारण फोनको मूल्यमा अन्तर**

आइओएस तथा एन्ड्रोइड दुबैको सफ्टवेयर भिन्न भिन्न तरिकाले विकास गरिएको हुन्छ । एप्पल आइओएसको सफ्टवेयर पूर्ण रुपमा एप्पलको नियन्त्तणमा हुन्छ । आइओएसमा अपडेटदेखि लिएर नयाँ फिचरहरु जोड्ने सम्मको सम्पूर्ण काम एप्पल आफैले गर्दछ । एप्पल एक प्रोप्राइटरी सफ्टवेयर हो जसमा परिवर्तन गर्ने अधिकार केवल एप्पलसँग मात्रै हुन्छ ।

अर्कोतर्फ गुगलको एन्ड्रोइड चाहीँ ओपन सोर्स हुन्छ । अर्थात् यसमा कुनैपनि स्मार्टफोन कम्पनीले आफ्नो चाहना अनुसार परिवर्तन गर्न सक्दछ । सामसुंग, साओमी, ओप्पो, मोटोरोला जस्ता विभिन्न स्मार्टफोन कम्पनीहरुले एन्ड्रोइडलाई आफ्नो हिसाबले कस्टमाइज गरेर फोन लन्च गर्दछन् । सोही कारण एन्ड्रोइड डिभाइसहरुको मूल्यमा पनि ठूलो अन्तर पाइन्छ ।

**विकास तथा अनुसन्धान**

आइओएस सफ्टवेयरहरु एप्पलले आफ्नै रेखदेखमा विकास गर्दछ । यसमा कुनै दोश्रो कम्पनीको हस्तक्षेप हुँदैन । सोही कारणले गर्दा यसको विकासमा भारी खर्च हुन्छ । आइओएसको केवल एउटा डेभलपर हुनुका कारणले एप्पलका फोनको मूल्यको पूर्ण नियन्त्रण एप्पलसँग हुन्छ र सोही कारण एप्पलका फोन महंगो पर्दछन् ।

अर्कोतर्फ एन्ड्रोइड स्मार्टफोन विभिन्न कम्पनीहरुले निर्माण गर्दछन् । त्यसैले फोनको निर्माणमा कम खर्च आउँछ । बजारमा अधिक विकल्प भएका कारणले गर्दा कम्पनीहरुले मूल्य पनि कम राखेका हुन्छन्।

**सुरक्षा तथा गोपनियता**

एप्पलले आइओएसलाई आफ्नो नियन्त्रणमा राख्दछ । ओपन सोर्स नहुनुका कारणले गार्द एप्पलका डिभाइस निकै सुरक्षित हुन्छन् । यसमा भाइरस तथा ह्याकिंगको खतरा पनि कम रहन्छ । एप्पलले आफ्ना डिभाइसको सुरक्षास्तर उच्च राख्दछ, जसका कारण मूल्य पनि बढ्दछ ।

उता एन्ड्रोइड स्मार्टफोनमा सुरक्षा फिचर्स मजबुत त हुन्छन् तर ओपन सोर्स सफ्टवेयर हुनुका कारणले त्यसलाई कम्पनीहरुले आफ्नो अनुरुप कस्टमाइज गर्दछन् । सोही कारणले एन्ड्रोइड फोनमा सेफ्टी तथा प्राइभेसी स्टाण्डर्ड पनि फरक फरक हुन्छ । एन्ड्रोइडका सस्तो फोनमा कम सुरक्षा प्राप्त हुन्छ, जबकि प्रिमियम फोनको सुरक्षास्तर उच्च हुन्छ ।

स्वास्थ्य शिक्षा

# यौन दुर्बलताको समाधान के छ ?



यौन सम्भोगका लागि पुरुषको यौनाङ्ग निश्चित समयसम्म उत्तेजित भई कडा हुनैपर्छ, जसलाई अङ्ग्रेजीमा 'इरेक्सन' भनिन्छ । 'इरक्सन' नहुने वा भएपनि आवश्यक समयसम्म उत्तेजित नभई केही समयमै यौनाङ्ग लुलो हुने समस्यालाई यौन निरुत्साह (इन्हिबिटेड सेक्सुअल एक्साइटमेन्ट) वा यौन दुर्बलता (इरेक्टाइल डिस्फङ्क्सन) वा 'नपुसंकता' (इम्पोटेन्स) भनिन्छ । समग्रमा यसको मतलब यौन सम्भोग गर्ने चाहनामा निरन्तर रूपमा बाधा पर्नु हो ।

२६ वर्षीय एक अविवाहित पुरुष यौनसम्बन्धी समस्या लिएर आए । सामान्यतया सम्भोग गर्न कुनै चाहना नहुने, भइहाले पनि यौन दुर्बलता हुने बताए । अथवा, सम्भोग सुरु गरेलगत्तै स्खलन हुने उनको भनाइ थियो । यौन दुर्बलताले यौन सम्भोग प्रक्रिया पूर्ण वा सफलतापूर्वक हुन दिँदैन । यसो हुनुको पछाडि ७० प्रतिशत कारण मानसिक नै हुन्छ ।

यौनका लागि प्राथमिक चाहनाको कमी हुन्छ भने त्यो 'साइकोसोम्याटिक डिसअर्डर' अन्तर्गत पर्छ । यस्तो अवस्थामा व्यक्तिको मस्तिष्कको एउटै समय वा गतिमा काम गर्ने शैलीमा असन्तुलन पैदा हुन्छ । यसबाट व्यक्तिको कुनै पनि कार्यमा बाधा उत्पन्न हुन सक्छ । यौन सम्भोगको हकमा यस 'डिसअर्डर'का कारण पुरुषलाई महिलाको यौनाङ्गसँग डर उत्पन्न हुने, यौनकार्यमा वितृष्णा हुने, डिप्रेसन हुने, यौनसाथीलाई सन्तुष्ट पार्न सक्दिनँ कि भन्ने चिन्ता हुनेजस्ता समस्या देखिन सक्छन् ।

अक्वायर्ड (जन्मजात समस्या नभई जीवनयापनको क्रममा विकसित हुने समस्या) सेक्सुअल डिजायर इन्हिबिसन'मा यौन दुर्बलताले यौन सम्भोग प्रक्रियालाई पूर्ण रूपमा सफल हुनमा अवरोध गर्छ । आफ्नी प्रेमिकासँगको सम्बन्धमा विकसित हुने अनिच्छा, डिप्रेसन, विगतमा भएका आघातपूर्ण घटना, यौनाकांक्षाको नियन्त्रण (सेक्सुअल फ्यान्टसीको सप्रेसन), लागूऔषध वा औषधिको दुरुपयोग, यौन क्षमतामा विसङ्गति (इम्पेयर्ड सेक्सुअल फङ्कसन) वा पुरुष हार्मोन (टेस्टोस्टेरोन)को कमी आदि कारणले यस्तो हुनसक्छ ।

कतिपय अवस्थामा रत्तःसञ्चार प्रणालीसम्बन्धी समस्याका कारण, कतिपय अवस्थामा यौन सम्बन्ध राख्ने स्थान, समय, यौनसाथी र तत्कालीन परिस्थितिका कारणले यौन दुर्बलता हुनसक्छ । मधुमेह, भिरिङ्गी, मदिरा सेवन, लागूऔषधको दुरुपयोग र यौनाङ्ग वा थाइराइड/पिट्युटरी ग्रन्थीसम्बन्धी समस्याका कारण पनि पुरुषमा यौन दुर्बलता हुनसक्छ ।

उमेर ढल्किनु नै सधैं नपुसंपुकताको कारण हुँदैन । किनकि ८० वर्ष नाघेका पुरुषमा पनि लिङ्ग उत्तेजित पार्ने क्षमता कायम रहन्छ । तर त्यो उमेरमा स्खलनका क्रममा निस्कने वीर्यको मात्रा र त्यसमा शुक्रकीटको संख्यामा भने कमी आउन सक्छ ।

कतिपय पुरुषको हस्तमैथुनका क्रममा लिङ्ग उत्तेजित हुने तर यौनकार्यका बेला नहुने हुन्छ भने त्यस्तो परिस्थितिमा मानसिक कारण केलाउन आवश्यक हुन्छ । यदि कुनैपनि हालतमा लिङ्ग उत्तेजित नै हुँदैन भने लागूऔषधको दुर्व्यसनी, मदिरा सेवन, निजका यौनाङ्गको रक्तसञ्चार प्रणालीमा अवरोध, मधुमेह, इन्डोक्राइन-हार्मोनसम्बन्धी वा स्नायु प्रणालीसँग सम्बन्धित जस्ता अंग विशेषसम्बन्धी (अर्ग्यानिक) कारक तत्व यौन दुर्बलताका कारक होइनन् भनेर बुझ्न सकिन्छ ।

सुतिरहेको अवस्थामा लिङ्ग उत्तेजित नहुनु जैविक कारणले गर्दा त्यसो नभएको संकेत गर्छ । यो स्लिप ल्याबोरेटरी (निदाएका बेला गरिने परीक्षण)बाट निर्क्योल गरिन्छ ।

**यौन दुर्बलताको उपचार**

कुनै व्यक्तिमा यौन दुर्बलता छ भने सर्वप्रथम त्यो के कारणले भयो भनी पत्ता लगाउनुपर्छ । मानसिक कारणले हो भने मनोविद्सँग परामर्श लिन सकिन्छ । साथै, उचित परामर्श दिन र आश्वस्त पार्न सकिन्छ ।

मास्टर्स एन्ड जोन्सन टेक्निक तीन चरणको प्रक्रिया हो । यसअन्तर्गत गैरयौनाङ्गिक आनन्द दिलाउने, यौनाङ्गिक आनन्द दिलाउने र यौनकार्य गर्न धेरै खुसामद नचाहिने (नन्-डिमान्डिङ कोइटस) पर्छन् । शारीरिक खराबीहरूलाई क्रमिक रूपमा सच्याउँदै प्रभावित व्यक्तिको आवश्यकता अनुसार हार्मोन पनि प्रतिस्थापन गर्नुपर्ने हुन्छ ।

**शीघ्रपतन (शीघ्र स्खलन)**

वीर्य स्खलनका विभिन्न प्रकार हुन्छन् । शीघ्रपतन वा शीघ्र स्खलन भन्नाले पुरुषले चाहेको समयभन्दा अघि नै वीर्य स्खलन हुने अवस्था बुझिन्छ ।

१० देखि २४ वर्षसम्मको उमेरमा त्रास, पश्चाताप र चिन्ताका कारण शीघ्रपतन हुनु सामान्य मानिन्छ । वयस्कका हकमा शीघ्रपतन हुनुका कारण पनि यिनै हुन सक्छन् । साथै स्नायु प्रणालीमा आउने समस्याका कारण पनि हुन सक्छन् ।

शीघ्रपतन हुनुको अर्को असामान्य कारण सुस्त स्खलन (रिटार्डेडर्डे इज्याकुलेसन) वा निरुत्साहित चरमोत्कर्ष (इन्हिबिटेड अर्ग्यासम) हो । यो भनेको पर्याप्त यौनेच्छा र उत्तेजनाको उपस्थितिका बाबजुद पुरुषले महिलाको यौनाङ्गभित्र अपेक्षा गरेअनुसारको स्खलन गर्न निरन्तर कठिनाइ हुने अवस्था हो ।

**शीघ्रपतनको उपचार**

सुस्त स्खलन बाहेक अन्य कारणले शीघ्रपतन भएको अवस्थामा उपचारका लागि पनि सही परामर्श तथा उचित यौन शिक्षाबाट आश्वस्त पार्न सकिन्छ ।

यौनक्रियाकै क्रममा यौन कार्य रोक्ने र फेरि सुरु गर्ने उपाय (स्टप एन्ड स्टार्ट टेक्निक)अपनाउन सकिन्छ । यस विधिमा पुरुषले आफ्नो यौनाङ्ग उत्तेजित पार्छ, यौनक्रिया थाल्छ, ठ्याक्कै स्खलनअघि करिब ३० सेकेन्ड जति यौनक्रिया रोक्छ र पुन: यौनाङ्गलाई उत्तेजनामा ल्याउँछ । निजले यही प्रक्रिया दोहोऱ्याइ तेहऱ्याइ केही समय अन्तरालमा ( सम्भवत : चौथो पटकमात्र) स्खलन गर्ने कार्य नियन्त्रणमा ल्याउन सक्षम हुन्छ । यो विधिले आशातीत परिणाम नल्याएको अवस्थामा यौन थेरापिस्ट वा साइकोथेरापिस्ट (मनोपरामर्शदाता)सँग सहयोग लिनुपर्ने हुन्छ ।

सुस्त स्खलनका कारण शीघ्रपतन हुने समस्यामा निम्न उल्लेखित विधि अपनाउन सकिन्छ । पुरुणको यौनाङ्गलाई महिलाले आफ्नो यौनाङ्गभन्दा बाहिर राखेर, त्यसपछि महिलाको यौनाङ्गको मुखनजिक राखेर र अन्तिममा महिलाको यौनाङ्गभित्र राखेर उत्तेजित गर्न सकिन्छ । यो विधि सफल नभएको अवस्थामा साइकोथेरापिस्टसँग परामर्श लिनुपर्ने हुन्छ ।

कतिपय समस्याका लागि आवश्यकता अनुसार युरोलोजिस्ट (मूत्ररोग विज्ञ)सँग पनि परामर्श लिनुपर्ने हुन सक्छ ।

# साहित्य

हास्यव्यंग्य

# हाकिमको सत्ता



✍गायत्री लम्साल

राजतन्त्रका किङ फालेर चिन्ता पटक्कै गर्नुपर्दैन महाशय गणतन्त्रका हाकिम भएपछि सबै कामकुराको विकास मात्र होइन देख्न, छुन, हेर्न नमिल्ने अमूल्य वस्तुहरु समेत सजिलै निकास हुन्छ हजुर । हा....कि....म शब्द नै काफी छ क्या । जुन लिङ्गको भए तापनि यिनीहरु सबैको साझा विशेषता सेम माने उस्तै हुन्छ । नेपालको संविधानलाई कानुनले बरु फरक-फरक व्याख्या गर्न मिल्छ तर यो हाकिम भन्ने उच्चकोटीको मनुवाको काम र आचार संहिता भन्ने कुरो कसैले फरक पार्न मिल्दै-मिल्दैन । प्राकृतिक न्यायको सिद्धान्तसँग समाहित भएर मस्तसँग मज्जाले रहन्छ ।

वा ! कति धेरै हुन् हाकिम भन्नै गाऱ्हो बाबै गन्नै गाह्रो । सरकारी हाकिम, सहकारी हाकिम, दलका हाकिम, बलका हाकिम, एनजिओका हाकिम, आइएनजिओका हाकिम, निजीका हाकिम, बिजीका हाकिम, विभिन्न पसलका हाकिम, विभिन्न फसलका हाकिम, घरका हाकिम, वनका हाकिम, आयातका हाकिम, निर्यातका हाकिम, राजनीतिका हाकिम, लाजनीतिका हाकिम, समाजसेवी हाकिम, दलालसेवी हाकिम..........यता हेऱ्यो हाकिम, उता हेऱ्यो हाकिम, यत्रतत्र सर्वत्र जतातै हाकिम नै हाकिम ।

हजुरहरुलाई थाहा छ कि छैन कुन्नि ? चालिस वर्षमा वृद्ध भत्ता खान पाउँदा मख्ख नपर्नेहरु समेत हाकिमको सत्ता खान पाएपछि मस्तसँग मख्ख पर्छन् । परापूर्व कालदेखि भविष्य पश्चिम कालसम्म सबै काल फालेर, धेरै तन्त्रको राँको बालेर ल्याएको जनप्रिय, लोकतान्त्रिक, समाजवाद उन्मुख, आर्थिक समृद्धि सहितको चुरो कुरो भनेको हाकिमको सत्ता नै हो । यदि कोही कसैले होइन भन्नुहुन्छ भने आउनुहोस् चुनावमा जाऔँ सेवाग्राही भन्दा हाकिम बढी भएको हाम्रो मुलुकमा तपाइँ अल्पमतमा पर्ने कुरो कुनै बोकुवा नराखी मैले ठोकुवा गरेँ है त ।

सत्ता हुनु यस्तो पो हुनु, हाकिमको सत्तालाई दलगणका धुपौरेहरुले कसरी छुनु ? टाउकोमा छुन खोज्दा खुट्टा देखाइदिन्छन्, अनि खुट्टामा छुन खोज्दा टाउको । सबै हाकिमको उस्तै हुन्छ कसरी चिन्नु ? टाउको निकै साऱ्हो, खुट्टामा सबैको पाँच वटै औँला उस्तै -उस्तै । अरु जे-जे सुकै भए तापनि हाकिमको सत्तालाई खोट लगाउने ठाउँ भने पटक्कै छैन है । सबे हाकिमहरु बहुमुखी प्रतिभाका धनी छन् । मुलुकलाई त बसी-बसी जादुगरको हातको छडीले जादु देखाएजस्तै देखाइदिन्छन् । नेताका हाकीमले एकैछिनमा स्वीजरल्याण्ड, सिँगापुर बनाउँदै भाषण गरिरहँदा त्यसपछिको भाषण ग्रहण र आसन ग्रहण सकिएर समापनको बेलामा त उही झिँगापुर र धूलोपुर मात्रै ।

त्यस्तै सडकमा हाकिमले नदी, खोला नभएको ठाउँमा पुल बनाउनु, वनका हाकिमले चोरीनिकासी बन्द गर्नलाई जंगलभित्र सिसी टि.भी. राख्दा समेत त्यसले तस्करको फोटो नखिच्नु, सहकारीको हाकिमको न्वारन नै साहुकारी हुनु, चिया बजारीबाट शुरु भएका निजी बजारीका हाकिमहरु बालाबजारीमा छलाङ् मार्नु, काला कोटधारी हाकिमहरुले न्याय किनवेच बजारको विस्तार गर्नु, सरोकारवाला अड्डाका हाकीमहरुले खानेकुरा मात्र होइन अखाद्य बस्तु समेत खानु, एनजिओ र आइएनजिओका हाकिमहरुले देश, काल, परिस्थिति अनुसार अलिकति बाँकी रहेको देश खानु, भेष खानु, रीति खानु थिति खानुलाई द्रुत गतिको विकास भनिएन भने हामीलाई पाप लाग्छ है ।

व्यक्ति व्यक्तिका समय तालीका अनुसार यहाँ हरेकका सत्ता पत्तासाफ भए तापनि हाकिमको सत्ता भने एक इन्च तल नझरीकन चलेको छ । देशको गरिबीको संख्या नघटेर चिन्ता नमान्नुहोस् महासय सबै हाकिमका घर/परिवारको गरिबी निवारण समेत भैसकेको छ । एउटा किङ मात्र भएर हो देशले विकास भन्ने कुरो देख्न नपाएको । अहिले त तीन करोडमा दुई करोड त हाकीम र भू.पू. हाकिम नै पुग्न आँटेका छन् भने अब त देशको विकास मात्रै होइन विकासको बाबु, हजुरबाबु हुँदै एघार पुस्ता अगाडि सम्मका सबै देख्न पाइन्छ ।

खै मेरा आँखामा के भाको हो कुन्नि ? पावर भन्ने कुरो थपे पनि नथपे तापनि जतातै हाकिम मात्रै देख्छु भन्या । उसको हाकिम ऊ,उसको हाकिम ऊ, उसको हाकिम ऊ लाष्टमा कसको हाकिम को चिन्नै गाऱ्हो । मलाई हाकिम मान्ने मेरै सोझो मोरोले अलिकति हाकिम चिन्ने, हाकिम किन्ने फरमुला सिकाइदियो र पो नत्रभने त कतिबेला आफू हाकिम भइयो भन्ने पत्तोफाँट नै नहुने क्या । अनि नि निकै काइदाको कुरो नी हाकिमको सत्ता भनेपछि अरु कसैको नभएर हाकिम कै सत्ता हो है । यसमा महिला, पुरुष, नाम, थर, पेशा, व्यवसाय, वर्ग, धर्म, सबै फरक-फरक भए तापनि सबै हाकिमको सत्ता भनेको बराबरी हो । अहिलेको डिजीटल किलोमा मात्र होइन, बाजेका पालाको धार्नी जोख्ने तुलोमा जोखे पनि केही फरक पर्दैन ।

जतिसुकै पढेका, राम्रा-राम्रा बानिव्यहोरामा सडेका व्यक्तिहरु समेत हाकिम भएपछि सबैको आनिबानी र खानेकुरो उस्तै हुन्छ । जति खाए पनि नअघाउने कला, सबैभन्दा आफूलाई उत्कृष्ट मान्ने सर्वोत्कृष्ट ज्ञान, बुद्धि र विवेकलाई सलाम गर्दा हाकिम हुन आतुर हुनेहरुलाई पटक्कै घाटा भन्ने कुरो हुँदैहुन्न है । संघीयताको विस्तार वादसँगै केन्द्र, प्रदेश र स्थानीयमा पुऱ्याउँदा समेत सबैलाई फिट भएको सत्ता भनेको हाकिमको सत्ता नै हो । आफ्नै आत्मालाई साक्षी राखेर सोचौं त -हाकिम भन्ने जिनीश जतिसुकै लुरो र लुरी भए तापनि उनीहरुको नजर बिक्ने भनेको आफूमा ठोकिन आउने शुरो र शुरीमा नै हो । हाकिमको सत्तामा मनलाई कैद गर्ने ठाउँ भनेको सत्ता, शक्ति, सुन्दर र सुन्दरी मै हो ।

हाम्रै बाबा-आमाको पालामा बन्द खामभित्र चिठ्ठी हुन्थ्यो । आजभोलि हाकिमलाई प्राप्त हुने बन्द खामभित्र त बाघ र हात्ती मज्जाले कोचिएर बस्छन् । कहिलेकाहीँ हो, बन्द खामभित्रका बाघर र हात्तिले हाकिमलाई आक्रमण गर्ने, त्यही पनि ठूलो संख्यामा रहेछन् भने त मिलापत्र गर्न सिंगापुर र स्विजरल्याण्डतिर उड्छन् । जे होस्, हामी सबै नेपालीहरुलाई सधैँभरि फिट हुने र जसलाई चाहिन्छ उसैलाई तुरुन्तै सिट हुने सत्ता भनेको हाकिमको सत्ता हो भन्नलाई कसैले भत्ता लिनु पर्दैन । नेपाली भएको नाताले नेपाललाई विर्सेर केही माने उही हुँदैन तर हाकिमलाई बिर्स्यौं भने लाग्न मिल्ने जति कुरोले पिछा गर्दै साढे सातको लातले समेत झ्याप्पै समाउँछ ।

त्यसैले आउनुहोस्, जहिले, जहाँ, जसरी हुन्छ हाकिमको सत्तामा हाजिर भएर देशलाई विकास मात्र होइन छिमेकीतिर निकास गर्नको लागि एकजुट भएर लागि परौं । संघीयताको सबलीकरण भन्दै हाकिमको सत्तालाई आन्तरिकिकरण गरौं । रात रहे अग्राख त पलाउँछ भन्छन् । दिन पनि रहेपछि हाकिमको सत्ताको साझेदार कसो नभएला र ?

# गर्दैछु म झूटको खेती

फाइदै फाइदा छ ।

जोखिम त हुनैपर्छ<br>
होइन भने नयाँ प्रयोगको के नै मज्जा<br>
नयाँ रोपाइको के नै मज्जा<br>
त्यसैले त म त गर्दैछु खेती<br>
निकै दिन देखि झूटको खेती ।

न त यसमा छ डर ब्लास्टको<br>
न त छ डर पतेरोको<br>
न त पाक्के बेलामा छ डर असिनाको<br>
न त रोप्ने डर छ खडेरीको

सुन्दैछु हिजो आज<br>
असली किन भोग्दैछन् पीडा अनुदानमा<br>
दु:ख मनाउँदैछन् किसान प्रतिस्पर्धामा<br>
ब्याज तिर्दैछन् किसान आत्मदाहमा<br>
त्यसैले को सुनोस<br>
थरीथरीको घण्टा आफ्नै वरिपरी<br>
न त मनसुनको लन्ठा

न त भाउको टन्टा<br>
त्यसैले मत गर्दैछु खेती<br>
निकै दिनदेखि झूटको ।

गजब छ यसको खेती पनि<br>
न त यो सिमित छ कुनै जातमा<br>
न त यो रोकिन्छ कुनै दिन या रातमा<br>
सक्नेले जति पनि रोपेकै छन्<br>
सक्नेले जति पनि काटेकै छन्<br>
न त कुनै सिमाना छ थन्क्याउनुमा<br>
केवल मजैमजा छ मनचिन्ते भकारी भुर्नमा ।

रोपे त कहिल्यै सकिदैन<br>
काटेर त कहिल्यै सकिदैन<br>
मरेर त कहिल्यै सकिदैन<br>
त्यसैले<br>
निकै दिनदेखि गर्दैछु<br>
म झूटका खेती ।<br>
काट्दैछु म खेती झूटको<br>
अनि थन्क्याउँदैछु खेती झूटको

✍भोजराज घिमिर

हात उही छन् औजार तिनै छन्<br>
मन उही हो सिप फरक हुन सक्छ ।<br>
निश्चित छ फसल अगल छ<br>
विधि फरक छ<br>
फस्टाउँदै गयो भने<br>
अरुले नरोपुन्जेलसम्म<br>
अरुले नकाटुन्जेलसम्म

# म को हुँ ?



✍उज्वल पौडेल

शिक्षक, नवोदय शिशु सदन, हेटौंडा-४


म लक्ष्य हुँ<br>
मलाई पाउन तिमी दक्ष हुनु<br>
म कवि हुँ<br>
तिम्रो छवि हैन ।


म सागर हुँ ।<br>
मलाई पढ्न जागर निकाल्नु<br>
म आकाश हुँ<br>
मलाई छुन उढ्न सिक्नु<br>
म खुसी हुँ<br>
मलाई पाउन दुख सहनु ।

म कालो बादल हुँ<br>
तिमी सूर्य को किरण हुनु<br>
म ठुलो खाडल हुँ<br>
मलाई पुर्न तिमी माटो हुनु।

म को हुँ ?<br>
म विपना को सपना हुँ<br>
तिमी ननिदाउनु ।

# चित्रकला





दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# ज्ञानेन्द्रको उक्साहटमा हिंसात्मक बने राजावादी

काठमाडौं/पूर्वराजा ज्ञानेन्द्र शाहको अपिलअनुसार अगाडि बढेको राजावादी गतिविधि हिंसात्मक र अराजक बनेको छ । विवादित व्यापारी दुर्गा प्रसाईं कमान्डर बनेर तीनकुनेमा शुक्रबार निस्किएको राजावादी प्रदर्शन हिंसात्मक र अराजक बन्न पुगेको हो । प्रदर्शनकारीको अराजकता र प्रहरीको प्रतिवादका क्रममा शुक्रबार साँझसम्म दुई जनाको मृत्यु भएको छ ।

प्रदर्शनको भिडियो खिच्न बसेको घरमै प्रदर्शनकारीले आगो लगाउँदा एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको मृत्यु भएको हो । गृह मन्त्रालयका सहसचिव छविराज रिजालका अनुसार प्रदर्शनकै क्रममा कीर्तिपुरका २९ वर्षीय सुविन महर्जनले ज्यान गुमाए । प्रहरीको प्रारम्भिक सूचनाअनुसार कम्तीमा २२ जना घाइते भएका छन् । ठूलो संख्यामा भौतिक संरचनामाथि तोडफोड र आगजनी भएका छन् । स्थिति सामान्य अवस्थामा फर्काउन गृह प्रशासनले कोटेश्वर, तीनकुने क्षेत्रमा कर्फ्यु जारी गरेको छ ।

मानव अधिकार आयोगले प्रदर्शन हिंसात्मक बनेको निर्णय सार्वजनिक गरेको छ । 'कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न सकिँदैन,' आयोगले भनेको छ, 'यस प्रकारका हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।'

राजतन्त्र फर्काउने घोषणासहित भएको यो प्रदर्शन कसरी अगाडि बढ्छ भन्ने प्रष्ट छैन । यद्यपि, सरकारले दुर्गा प्रसाईंलाई नियन्त्रणमा लिने तयारी गरेको छ । राजतन्त्रको वकालत गर्ने बलियो शक्ति राप्रपाले संस्थागत रुपमा यो प्रदर्शनको जिम्मा लिने देखिँदैन । पार्टीभित्र फरक मत राख्दै रवीन्द्र मिश्र र धवल शमशेर राणाहरुले दुर्गा प्रसाईंलाई साथ दिए पनि राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन आफैं मैदानमा उत्रने पक्षमा देखिँदैनन् । आजकै प्रदर्शनमा पनि लिङ्देन थिएनन् ।

संचारकर्मीसँग लिङदेनले राप्रपा हिंसाको पक्षमा नउत्रने प्रष्ट गरे । 'जसले जे प्रयोजनमा हिंसा गरे पनि राप्रपा त्यसको विपक्षमा छ,' लिङदेन भन्छन्, 'सबै प्रदर्शनलाई शान्तिपूर्ण बनाउनुपर्छ र आजको घटनाप्रति दुःख व्यक्त गर्दछु ।'

**पूर्वराजाको उक्साहट**

दुर्गा प्रसाईं कमान्डर बनेर सडकमा उत्रिए पनि यसको खास डिजाइनर पूर्वराजा ज्ञानेन्द्र शाह नै हुन् । उनले गत ६ फागुनमा पोखराबाट भिडियो सन्देश सार्वजनिक गर्दै राजतन्त्र फर्काउन अपिल गरेका थिए । त्यसयताका शृंखलाबद्ध गतिविधिमा कतै उनी प्रत्यक्ष, कतै परोक्ष इशारा गरिरहेका छन् ।



ज्ञानेन्द्र शाहको अपिल बमोजिम पूर्वपञ्चहरू, राप्रपा र राजावादी अभियन्ताहरूको गतिविधि चलिरहेको छ । देशका केही भू-भागमा मोटरसाइकल र्‍याली, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ज्ञानेन्द्र शाहलाई स्वागत गर्ने जस्ता गतिविधि हुँदै राजतन्त्र फर्काउन संयुक्त जनआन्दोलन समिति बनेको छ ।

गत ४ चैतमा पूर्वपञ्च ८६ वर्षीय नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति बनेको थियो । प्रसाईं नेतृत्वको आजको प्रदर्शनलाई समर्थन जनाएका सुवेदी स्वयं जनप्रदर्शनमा उत्रिएका थिए । तर, राजसंस्था पुनर्स्थापना कार्यक्रम शान्तिपूर्ण हुन सकेन । तीनकुनेमा प्रदर्शन सुरू हुनुअघि नै प्रहरीमाथि आक्रमण, त्यसपछि प्रहरीबाट अश्रुग्यास प्रहार, राजावादीहरुबाट सर्वसाधारणका घर र पसलमा तोडफोड, आमसञ्चार माध्यम, राजनीतिक दलहरूको पार्टी कार्यालय र व्यापारिक भवनहरूमा आगजानी हुँदै कर्फ्युतर्फ परिस्थिति अगाडि बढ्यो ।

तीनकुने प्रदर्शनले हिंसात्मक रूप लिइरहेको बेला आयोजकका तर्फबाट दुर्गा प्रसाईं, धवल शमशेर जबरा, रवीन्द्र मिश्रहरुले दिएको अभिव्यक्ति र गतिविधिले राजावादीहरुको पूर्वयोजना बमोजिम परिस्थिति निर्माण भएको अनुमानलाई बल पुग्छ । किनकि, उनीहरु सबैले परिस्थितिलाई भड्काउने र अराजक बन्न समर्थकहरुलाई अपिल गरेका थिए ।

राप्रपाका महामन्त्रीसमेत रहेका धवल शमशेरले प्रहरीको हस्तक्षेपपछि तितरबितर भएको भीडलाई निषेधित क्षेत्र तोड्न उक्साएका थिए । मञ्च पुगेर अरू नेतालाई कार्यक्रममा फर्कन र कार्यकर्ताहरुलाई निषेधित क्षेत्र तोड्न अपिल गरेका थिए ।

राप्रपाका वरिष्ठ नेता मिश्रले सञ्चार माध्यमहरुलाई गैर जिम्मेवार अभिव्यक्ति दिएका थिए । तोडफोड, आगजनी जस्ता हिंसात्मक गतिविधिलाई प्रोत्साहन गर्नेगरी उनले भनेका थिए, '२०४६, २०६२/०६३ को प्रदर्शन हेर्नुभएको छ ? कुनै नेताको नियन्त्रणमा थियो ? धनजनको क्षति भएको थिएन ?।' नेपालमा राजतन्त्र फर्काउनु भारतको हितमा रहेको सार्वजनिक अभिव्यक्ति दिँदै आएका मिश्रले आज समर्थकहरुलाई संयम गुमाउन बल पुर्‍याएका थिए ।

मिश्रले सामाजिक सञ्जालमार्फत त एकदिन अगाडि नै यस्तो हुनसक्ने संकेत गरेका थिए । 'राजसंस्था पुनर्स्थापित गर्न नवीन समझदारीमा जाने भए जाऔं, नत्र परिणाम भोगौं । बंगलादेश, सिरिया र श्रीलंकामा के भयो, याद गरौं,' सामाजिक सञ्जालमा उनले लेखेका थिए । अर्थात् हिंसात्मक बल प्रयोगबाट सत्ता पल्टाउने मिश्रको चेतावनी थियो ।

तीनकुनेमा हुने घोषणा कार्यक्रमका निम्ति कमान्डर तोकिएका दुर्गा प्रसाईंको अभिव्यक्ति त सधैं उत्तेजक हुने गरेको छ । मुलुकको नेतृत्व गरिरहेका नेताहरुमाथि 'बल प्रयोग', 'बहिष्कार', 'देशबाट लखेट्ने', व्यापारिक क्षेत्रप्रति आक्रमण, आमसञ्चार माध्यमहरुप्रति अविश्वास र आक्रमण गर्ने जस्ता अभिव्यक्ति दिने गरेका छन् ।

माओवादी, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुँदै एमालेका केन्द्रीय सदस्यसमेत बनेर आमवृत्तमा चिनिएका दुर्गा प्रसाईंले गत वर्ष ७ मंसिरमा पनि यस्तै प्रकृतिको प्रदर्शन गरेका थिए । त्यसबेला प्रसाईं नेतृत्वको समूह र एमाले कार्यकर्ता आमने-सामने भएका थिए । एकैदिन एकअर्काविरुद्ध प्रदर्शनको तयारी भएपछि सरकारले अलग-अलग क्षेत्र तोकेको थियो । प्रसाईं समूहलाई बल्खु र एमाले कार्यकर्ताहरुलाई तीनकुने क्षेत्र प्रदर्शनका निम्ति छुट्याइएको थियो ।

सरकारले अपनाएको त्यो शैलीले त्यसबेला काम गरेको थियो । प्रसाईंले भने त्यसबेला पनि राजा फर्काउने निर्णायक प्रदर्शन भनेर मानिस उतारेका थिए । यद्यपि, बल्खुबाट अगाडि बढ्न खोजेको भीडलाई प्रहरीले अश्रु ग्याँस प्रहार गरेर नियन्त्रणमा लिएको थियो । र, प्रसाईंको आन्दोलन त्यसै रोकिएको थियो ।

सडक प्रदर्शन नगरे पनि त्यसयता उनको गतिविधि निरन्तर चल्दै आएको छ । विशेषगरी सामाजिक सञ्जालमार्फत राजनीतिक दलका नेताहरू, व्यापारिक संस्थाहरु र आमसञ्चार माध्यमप्रति घृणा फैलाउने कार्य निरन्तर गरिरहेका छन् । सामाजिक सञ्जालको अन्तर्वस्तुकै कारण प्रसाईं हिरासत बस्नु परेको थियो ।

तिनै प्रसाईंलाई अहिले पूर्वराजा ज्ञानेन्द्र शाह, राप्रपा र नवराज सुवेदी सहितका पूर्वपञ्चहरुले साथ दिएका छन् । तीनकुने प्रदर्शन तितरबितर भएपछि पनि 'आमसञ्चार माध्यमहरुमाथि आक्रमण गर्न र सार्वजनिक सम्पत्ति तोडफोड गर्न' जस्ता हिंसात्मक आह्वान गरिएको थियो । जसको परिणााम राजधानी अस्तव्यस्त र अशान्त बन्न पुगेको छ ।

यद्यपि, प्रसाईंसहित राप्रपाका नेताहरूले निजी सम्पत्ति आक्रमण नगर्न समर्थकहरुसँग आग्रह गरेका छन् । 'प्रहरीकै दमनका कारण निजी सम्पत्तिमा क्षति पुग्यो । कयौं साथीहरु र प्रहरीहरु घाइते हुनुभएको छ । यसप्रति दुःख व्यक्त गर्दै घाइते साथीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै कसैको निजी सम्पत्तिमा आक्रमण नगर्न म हार्दिक अपिल समेत गर्दछु', दुर्गा प्रसाईंको अपिल छ ।

प्रदर्शन हिंसात्मक र अराजक बन्नुमा सरकार दोषी रहेको उनीहरूले तर्क गरिरहेका छन् । प्रहरी प्रशासनले दमन गरेकाले परिस्थिति भड्किएको उनीहरुको दाबी छ । विश्लेषक झलक सुवेदी पनि आजको घटनामा गृह प्रशासनको कमजोरी देख्छन् । मान्छेको ज्यानै जानेगरी हिंसात्मक गतिविधि हुनसक्ने पूर्वानुमान गृह प्रशासनले गर्न नसकेको उनी बताउँछन् ।

'दुर्गा प्रसाईंले प्रहरीलाई नै किच्नेगरी गाडी गुडाएर अगाडि बढ्दा उनलाई त्यही पक्राउ गरिनुपर्थ्यो, तर प्रहरीसँग कुनै तयारी रहनेछ,' सुवेदी भन्छन् । यद्यपि, हिंसात्मक प्रदर्शनपछि पूर्वराजा ज्ञानेन्द्र नराम्रोसँग फसेको उनको विश्लेषण छ । 'हिंसा र लुटपाटबाट आन्दोलन हुँदैन । २०६२/०६३ सालमा लाखौं मानिस सडकमा आउँदा पनि लुटपाट भएको थिएन । हिंसा भएको थिएन,' विश्लेषक सुवेदी भन्छन्, 'अब केही ठाउँमा प्रदर्शन त होला, तर त्यसले ठूलो अर्थ राख्दैन ।'

सरकारले अब पूर्वराजा ज्ञानेन्द्र र उनको नेतृत्वमा चलिरहेको हिंसात्मक गतिविधिको छानबिन राज्यले अगाडि बढाउने भएकाले पनि तत्काललाई राजावादी गतिविधि नियन्त्रणमा आउने उनी बताउँछन् । 'ज्ञानेन्द्र आफैंले प्रत्यक्ष अपिल गरेको र मानिसहरु सडकमा आएको हुनाले सारा तोडफोड र हिंसाको जिम्मा उनले लिनुपर्छ । र ाज्यले दिएको सुरक्षा र सुविधाभित्र बसेर यस्तो कार्य गर्न मिल्दैन र सरकारले खोस्ने निर्णय गर्नुपर्छ', उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# हिंस्रक राजावादीको निसानामा निजी सम्पत्ति र व्यवसायी

काठमाडौं/संघीय राजधानी काठमाडौंमा शुक्रबार राजावादीको नाममा भएको हिंसात्मक गतिविधिको निसानामा निजी सम्पत्ति र व्यवसायहरू परेका छन् । हिंसात्मक समूहले तीनकुने, कोटेश्वर, बानेश्वर, बालकुमारी क्षेत्रका निजी भवन तथा सवारी साधनमा तोडफोड तथा आगजनी मात्रै गरेका छैनन्, भाटभटेनी सुपर स्टोरमा लुटपाट पनि मच्चाएका छन् ।

हिंस्रक समूहको आक्रमणबाट करोडौं रुपैयाँको क्षति भएको सरकारी अधिकारीहरूको अनुमान छ । त्यतिमात्र होइन, अन्नपूर्ण पोस्ट तथा कान्तिपुर टेलिभिजन जस्ता निजी सञ्चार माध्यममा पनि तोडफोड लगत्तै आगजनी प्रयास भएका छन् । दुर्गा प्रसाईं, धवलसमशेर राणा तथा र विन्द्र मिश्रजस्ता राजावादीहरूको नेतृत्वमा कोटेश्वर-तीनकुने क्षेत्रमा जम्मा भएको हिंसात्मक समूहले सबैभन्दा पहिलो तीनकुनेमा रहेको मार्बल हाउसमा तोडफोडबाट आफ्नो अराजक गतिविधि सुरु गरेका थिए । उनीहरूले त्यो भवनमा आगजनी मात्रै गरेनन्, तीनकुने क्षेत्रका अन्य भवनमा पनि अन्धाधुन्द तोडफोड गरे ।

आगजगी भएको घर सँगैको अर्को घरका धरधनी नयन पण्डितका अनुसार उनको घरको बाहिरी भाग आन्दोलनकारीको ढुंगा प्रहारबाट पूर्णरूपमा ध्वस्त भएको छ । 'मेरो घरमा आगो मात्रै नलागेको हो, बाँकी सम्पूर्ण रूपमा क्षति भएको छ,' उनले भने, 'त्यहाँ जान सक्ने अवस्था पनि छैन, कति क्षति भयो भन्ने आकलन पनि छैन,' उनले भने, 'मेरो घर भाडामा लिएर बसेका कार्यालयहरूमा कति क्षति भयो, अहिले भन्न सक्दिनँ ।'

त्यसलगत्तै राजावदीहरूले केही पर रहेको अन्नपूर्ण मिडियाको कार्यालय रहेको कर्पोरेट टावरमा तोडफोड गरेका थिए । उक्त भवनमा उनीहरूले आगजनी प्रयास गरे पनि प्रहरीले रोकेको थियो । त्यससँगै उनीहरूले तीनकुनेमै रहेको कान्तिपुर टेलिभिजनमा समेत तोडफोड गरेका थिए । त्यसको केही समयपछि बाटोमा भेटिएका निजी सवारीसाधनमा उनीहरूले तोडफोड र आगजनी गरेका थिए ।

त्यहाँबाट निस्केको भीडले फेरि बालकुमारी पुल नजिकै रहेको भाटभटेनी सुपर स्टोरको कोटेश्वर शाखामा तोडफोड र लुटपाट गरेका थिए । उनीहरूले सुपर स्टोर भवनमा अन्धाधुन्द तोडफोड मात्रै गरेनन्, त्यहाँ पार्किङ गरिराखेका सर्वसाधारणका दर्जनजति सवारीसाधनमा पनि तोडफोड गरेका थिए । साथै, सुपर स्टोरभित्र सयौँको संख्यामा हिंसात्मक समूह प्रवेश गरेर लुटपाट मच्चाएको छ ।

भाटभटेनी सुपर स्टोरबाट मोबाइल फोन, घडी, महँगा मदिरा, लत्ताकपडा, खाद्यान्न, फलफूल, तरकारी लगायत सामान लुटपाट भएको भाटभटेनी व्यवस्थापनका एक अधिकारीले जानकारी दिए । तोडफोड र लुटपाटबाट कति परिमाणको क्षति भयो भन्ने अहिले भन्न नसकिए पनि त्यो करोडौंको हुन सक्ने उनले बताए । शुक्रबार साँझसम्म विध्वंशकारी राजावादी समूहले तीनकुने, कोटेश्वर, बालकुमारी, नरेफाँट लगायत क्षेत्रमा सयौं सवारी साधनमा आगजनी गरेका छन् ।

त्यस्तै जडीबुटीस्थित सरकारी उद्योग जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीमा समेत आगजनी गरी ध्वस्त बनाएका छन् । राजावादी समूहले तोडफोड र आगजनी गर्न सुरु गरेपछि कर्मचारीहरूले भागेर ज्यान जोगाएको कम्पनीकी महाप्रबन्धक डा. संगीता यादवले बताइन् । आगजनी हुन थालेपछि प्रहरी, वन कार्यालय लगायत पहुँच भएका सबै ठाउँमा सहयोग माग्दा पनि आगो निभाउन पहल नभएको गुनासो यादवको छ ।

आफूहरूले प्रहरी तथा प्रशासनसँग सुरक्षा माग गर्दा पनि त्यो नपाएको गुनासो भाटभटेनीले पनि गरेको छ । यसका साथै, त्यो हिंसात्मक समूहले नेकपा समाजवादीले भाडामा लिएको आलोकनगरस्थित घरमा समेत तोडफोड र आगजनी गरेका छन् । कोटेश्वरस्थित पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको घरमा समेत तोडफोड भएको प्रहरीले जनाएको छ । राजावादी आन्दोलनका नाममा निजी सम्पत्ति, व्यवसाय तथा सवारीसाधनमा भएको तोडफोड र लुटपाटको निजी क्षेत्रले तीव्र आलोचना गरेको छ ।

लोकतन्त्रमा विरोध गर्ने अधिकार सबैलाई भए पनि निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट गर्ने अधिकार कसैलाई नभएको नेपाल उद्योग परिसंघ अध्यक्ष राजेशकुमार अग्रवालले बताए । यस्तो अराजकता र तोडफोड मच्चाउनेलाई सरकारले कडाभन्दा कडा कारबाही गर्नुपर्ने उनको भनाइ छ ।

**निजी क्षेत्रका अगुवा नै राजावादी आन्दोलनको समर्थनमा**

शुक्रबार राजावादीको आन्दोलनलाई समर्थन गर्ने मनसायले केही व्यक्तिले बुधबारै वक्तव्य जारी गरेका थिए । त्यसमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्षहरू कुशकुमार जोशी, विनोदबहादुर श्रेष्ठ र भवानी राणा तथा पूर्ववरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकार, पूर्वउपाध्यक्ष किशोर प्रधान, दिनेश श्रेष्ठ समेतले हस्ताक्षर गरेका छन् ।

यो भेलाको संयोजन महासंघका पूर्ववरिष्ठ उपाध्यक्ष तथा एभिन्युज टेलिभिजनका अध्यक्ष राजकर्णिकारले गरेका थिए । अध्यक्ष राजकर्णिकारले समर्थन गरेको राजावादी आन्दोलनकारीले तीनकुनेमा घरमा आगजनी गर्दा उनकै एभिन्युज टेलिभिजनकै एक पत्रकारको जिउँदै जलेर मृत्यु भएको छ । उक्त वक्तव्यमा सही गर्नेमध्ये महासंघ उपाध्यक्ष राणाले पनि शुक्रबार निजी सम्पत्ति, व्यवसायमा भएको आगजनी, तोडफोड र लुटपाटको आलोचना गरेकी छिन् ।

'हामी निजी क्षेत्रले कुनै पनि किसिमको अराजकताको समर्थन गर्दैनौं । आन्दोलन शान्तिपूर्ण हुनुपर्छ, सरकारले पनि शान्ति, सुव्यवस्था कायम गर्नुपर्छ,' उनले भनिन्, 'शुक्रबार जुन तोडफोड, आगजनी र लुटपाट भयो, त्यसले निजी क्षेत्र त्रसित भएको छ ।' आन्दोलन गर्ने पक्षले पनि आफ्नो आन्दोलनलाई शान्तिपूर्वक सञ्चालन गर्नुपर्ने र राज्यले पनि कुनै अप्रिय घटना हुन दिन नहुने मनसायले एउटा भेला गरी विज्ञप्ति जारी गरेको उनले बताइन् ।

उक्त भेलामा सहभागी उद्योग वाणिज्य महासंघ पूर्वउपाध्यक्ष किशोर प्रधानले राजावादी आन्दोलनमा आफ्नो समर्थन नरहेको भन्दै शुक्रबार मच्चिएको अराजकताको भर्त्सना गरेका छन् । 'त्यस्तो अराजकतावादी कुराको हामी समर्थन गर्न सक्दैनौं, यो राम्रो भएन,' उनले भने । आफू बुधबारको भेलामा गएको भए पनि राजावादी आन्दोलनमा ऐक्यबद्धता नजनाएको बताए ।

'अर्थतन्त्र बिग्रियो, त्यसबारे छलफल गर्नुपर्‍यो भनेर भाष्करराज राजकर्णिकारले बोलाएर गएको हुँ, एकछिन बसेर फर्कें, तर पछि राजावादी आन्दोलनलाई समर्थन गर्ने भनेर लेखेका रहेछन्, त्यसमा मेरो समर्थन छैन,' उनले भने । उक्त भेलामा सहभागी महासंघ पूर्वउपाध्यक्ष दिनेश श्रेष्ठले पनि बुधबारको भेलामा गएको भए पनि तोडफोड, आगजनी र लुटपाटको समर्थन नगर्ने बताए । 'भेलामा उद्योग वाणिज्य महासंघकै तीनजना पूर्वअध्यक्ष हुनुहुन्थ्यो, हामीले निजी क्षेत्रले फेरि पनि पीडित हुनु नपरोस् भनेर भनेका हौं,' उनले भने ।

नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष सुरेन्द्रवीर मालाकारको नाम पनि राजावादी आन्दोलनलाई ऐक्यबद्धता गर्नेको सूचीमा छ । तर, उनले पनि शुक्रबारको अराजकता र विध्वंश दुःखद भएको बताए । राजावादी आन्दोलनलाई आफ्नो समर्थन नरहने पनि उनले बताए । पूर्वराजा ज्ञानेन्द्र लगायतले बेहोर्नुपर्छ क्षतिपूर्ति, जन्म कैदसम्म हुन सक्छ शुक्रबार भएको तोडफोड, आगजनी तथा लुटपाटका घटनामा सरकारले फौजदारी संहिता अनुरूप कारबाही अघि बढाउन सक्ने देखिएको छ ।

संहिता अनुसार यो कसुर गर्ने तथा गर्न उकास्नेहरू पूर्वराजा ज्ञानेन्द्र शाह लगायतलाई लामो समयसम्म कैद हुनेमात्र नभई सम्पूर्ण क्षतिपूर्ति बेहोर्नुपर्ने देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'अञ्जिला' सुपरहिट भएपछि दर्शक भेट्न नेपाल आइन् एन्जिला



काठमाडौं/यस वर्षको सुपरहिट फिल्म बनिसकेको 'अञ्जिला'की मुख्य कलाकार तथा राष्ट्रिय महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बा दर्शकसँग साक्षात्कार गर्न नेपाल आएकी छन् । व्यावसायिक फुटबल खेल्न ग्रिस पुगेकी उनी शुक्रबार बिहान काठमाडौं आइपुगेकी हुन् । उनलाई फिल्मका निर्देशक मिलन चाम्स र निर्माता प्रेमकुमार श्रेष्ठले त्रिभुवन विमानस्थलमा स्वागत गरेका थिए ।

विमानस्थलबाट बाहिरिने क्रममा एञ्जिलाले दर्शकसँग भेट गर्नकै लागि आफू नेपाल आएको बताइन् । उनले भनिन्, 'फिल्मलाई दर्शकले दिनुभएको मायाकै कारण म छोटो समय मिलाएर ग्रिसबाट नेपाल आएकी हुँ । फिल्म राम्रो चलेको देख्दा खुसी लागेको छ ।' उनले फिल्म हेरेर दर्शकहरु रोएको भिडियो हेर्दा आफू पनि भावुक भएको बताइन् । फिल्ममा एन्जिला स्वयंले आफ्नो भूमिका निभाएकी छन् । यतिबेला उनको अभिनयलाई लिएर पनि प्रशंसा भइसकेको छ । उनले सञ्चारकर्मीसँगको कुराकानीमा आफूले विगत सम्झिएर अभिनय गरेको बताइन् । उनले भनेकी छन्, 'निर्देशक मिलन सरले तिमी अभिनय नगर, जे भोगेको छौ त्यही सम्झिएर काम गर भन्नुभएको थियो । मैले पनि विगतको कुरा सम्झिएर काम गरें ।'

निर्देशक मिलन चाम्सले एन्जिला र उनको आमालाई एकसाथ फिल्म हेराउने ठूलो इच्छा रहेको बताए । 'एन्जिलाको ममीले फिल्म हेर्नुभएको छैन । उहाँ टिकटकमा आएका फिल्मका क्लिप्सहरु हेरेरै रुनुहुन्छ रे । फिल्म हेर्नै सक्दिनँ भन्नुभएको छ भन्ने सुनेको छु । एन्जिलासँगै उनको ममीलाई पनि फिल्म हेराउने मेरो इच्छा छ,' उनले भने ।

चार दिनको नेपाल बसाइको क्रममा एन्जिलाले शुक्रबार काठमाडौं उपत्यकाका विभिन्न हलहरूमा पुगेर दर्शकसँग भेट गर्नेछिन् । शनिबार पनि काठमाडौं रहने उनी आइतबारदेखि भने पूर्वी तथा पश्चिम नेपालका हलहरूमा पुग्नेछिन् । उनले पोखरा, नेपालगन्ज, बिर्तामोड, धरान, इटहरी, चितवन र दाङमा पुगेर दर्शकसँग भेट गर्ने कार्यक्रम रहेको निर्देशक चाम्सले बताए ।

नेपालमा ५ करोड माथिको ग्रस व्यापार गरिसकेको फिल्ममा एन्जिलाको बाल्यकालदेखि खेल जीवनसम्मको सैर्ष र सफलताको कथा प्रस्तुत गरिएको छ । यसमा एन्जिलासँगै दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, सुमीन गुरुङ लगायतको अभिनय छ । यो फिल्मको आम्दानीबाट एञ्जिलालाई काठमाडौं घर बनाउने निर्माताको तयारी छ ।

# 'वन अफ दि मिलियन्स'बाट हसनले गरे ७ वर्षपछि कमब्याक

काठमाडौं/अभिनेता हसनराजा खान ७ वर्षपछि फिल्म अभिनयमा फर्किएका छन् । हालै अमेरिकामा छायांकन भएको फिल्म 'वन अफ दि मिलियन्स'बाट उनले कमब्याक गरेका हुन् । 'अलबिदा'बाट अभिनय करिअर सुरु गरेका उनी पछिल्लो पटक आफ्नै निर्माणमा बनेको फिल्म 'रोमियो'मा देखिएका थिए, जुन २०७४ सालमा प्रदर्शन भएको थियो ।



११ दिन लगाएर अमेरिकामा छायांकन गरिएको फिल्मलाई विशाल सापकोटाले निर्देशन गरेका हुन् । यो उनको दोस्रो निर्देशकीय फिल्म हो । यसअघि उनले २०७६ सालमा 'सेल्फी किङ' निर्देशन गरेका थिए । फिल्ममा हसनसहित लामो समयदेखि अमेरिकामा बस्दै आइरहेका 'विर्खेलाई चिन्छस्'का अभिनेता सुवास थापाको पनि मुख्य भूमिका रहेको छ ।

एकजना नेपालीको अमेरिका पुग्ने सपना र संघर्षको कथामा फिल्म आधारित रहेको निर्देशक सापकोटाले जानकारी दिए । उनका अनुसार तल्लो बाटो (अवैध बाटो) हुँदै अमेरिका पुग्ने नेपालीको कथामा फिल्म बनेको हो । रामेश्वर कार्कीले फिल्म खिचेका हुन् ।

फिल्ममा हसन र सुवाससहित अन्य २० जना अमेरिकामा रहेका कलाकारले अभिनय गरेका छन् । 'वन अफ दि विलियन्स'लाई विभिन्न अन्तर्राष्ट्रिय महोत्सवमा सहभागी गराएपछि सम्भवतः आगामी वर्ष नेपालमा रिलिज गरिने बताइएको छ ।

# 'डोरी' हलमा, अञ्जनाको एकै वर्षमा होला हिटमा ह्याट्रिक ?

काठमाडौं/लगातार फिल्मको सफलताले चर्चाको उत्कर्षमा रहेकी अभिनेत्री अञ्जना बराइलीको नयाँ फिल्म 'डोरी' शुक्रबारबाट प्रदर्शनमा आएको छ । यस वर्ष रिलिज भएको यो उनको तेस्रो फिल्म हो । उनको गत कात्तिकमा 'पूर्णबहादुरको सारङ्गी' र जेठमा 'पूजार सार्की' रिलिज भएको थियो । यी दुवै फिल्म सफल भएकाले अब उनलाई 'डोरी'बाट एकै वर्षमा हिटमा 'ह्याट्रिक' गर्ने अवसर छ ।

तर, फिल्मको बुकिङ निकै कमजोर देखिएको छ । बिहानी शोमा अकुपेन्सी पनि सुखद् छैन । यसको मुख्य कारण कमजोर प्रचार हुनसक्ने देखिन्छ । यो अवस्थामा फिल्मले व्यावसायिक सफलताका लागि बलियो 'वर्ड अफ माउथ' पाउन आवश्यक छ । आइतबारबाट भने यो फिल्मलाई बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'सिकन्दर' ठूलो 'थ्रेट' बन्न सक्नेछ ।

देशभर लगभग एक सय हाराहारी शो पाएको फिल्मले सेन्सर बोर्डबाट 'पिजी' प्रमाणपत्र पाएको छ, जसकारण १६ वर्ष मुनिका बालबालिकाले अभिभावकका साथमा मात्र फिल्म हेर्न पाउनेछन् । अरुण लामाको निर्देशन रहेको फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् । उनले फिल्मको कथावस्तु सबैको जीवनसँग कुनै न कुनै रूपमा मेल खाने दाबी गरेका छन् ।

निर्देशक लामा स्वयंको लेखन रहेको फिल्ममा प्रवीण खतिवडा, शिशिर बाङ्देल, प्रकाश घिमिरे, राज पौडेल, कविता आले, नूतन, राज थापा, वीरेन्द्र सिंह कुशवाहा, शारदा अधिकारी, प्रेम सुब्बा, सजन श्रेष्ठ लगायतको पनि अभिनय छ । फिल्मका निर्माता दिनेश भट्टराई हुन् । कार्यकारी निर्मातामा राज थापा छन् । सौरभ लामाको छायांकन रहेको फिल्मको स्क्रिप्ट डाक्टर मनोज पण्डित हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# कैलाश वैकुण्ठ क्षेत्र अहिले पर्यटकीय गन्तव्य

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ मकवानपुरको कैलाश गाउँपालिका-२ मा अवस्थित कैलाशडाँडा र वैकुण्ठक्षेत्र अहिले पर्यटकीय गन्तव्यको रुपमा विकसित भइरहेको छ ।

प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्नस्थल रहेको यहाँ केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कसहित हिमाल र पहाडको दृश्यावलोकन गर्न सकिन्छ । मकवानपुरको पर्यटकीय नगरी पालुङबाट करिब ३ घण्टाको कच्ची सडकको यात्रापछि कैलाशको वैकुण्ठ पुग्न सकिन्छ भने धादिङ जिल्लाको मलेखु र आदमघाटबाट पनि वैकुण्ठ पुग्ने सडक बनिसकेको छ । राक्सिराङ गाउँपालिकाको खैराङबाट पनि वैकुण्ठसम्म पुग्न सकिनेगरी सडक निर्माण भइसकेको छ ।

हिउँदमा मकवानपुरको मनहरीबाट करिब साढे २ घण्टामै वैकुण्ठडाँडा पुग्न सकिन्छ । धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सीमाना जोडिएको वैकुण्ठबाट धादिङ, गोरखा र रसुवाका हिमालको आकर्षक दृश्य देख्न सकिन्छ ।

ऐतिहासिक गाउँको रुपमा रहेको वैकुण्ठमा तामाङले घाटुनाच नाच्ने प्रचलन छ । घाटुनाच गुरुङको संस्कृति भएता पनि वैकुण्ठ गाउँमा मात्रै तामाङ जातिले घाटुनाच नाच्ने संस्कृति विकास गरेका छन् । हरेक वर्ष जेठको चण्डीपूर्णिमा मेला लाग्नुका साथै तामाङ जातिको घाटुनाच देखाउने गरिन्छ ।

मकवानपुरको उत्तरीभेगमा महाभारत पर्वतमा प्राकृतिक सुन्दरता,




सांस्कृतिक सम्पन्नता, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेकास्थललाई समेटेर पर्यटकीयक्षेत्रका रुपमा विकास भइरहेको छ । अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले पर्यटकलाई आकर्षित गर्नुको साथै गाउँमाथि रहेको विष्णुकुण्डमा गुरु रिम्पोछेको प्रतिमा स्थापनाले थप आकर्षण थपिदिएको छ । उतिबेलाको विकट गाउँमा अहिले सडक पूर्वाधारको पहुँच पुगेको छ । सिजनमा चल्ने सडक पूर्वाधारले पनि यो क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढाएको छ ।

एक हिसाबले भन्ने हो भने कैलाश वैकुण्ठ 'आन्तरिक पर्यटकको हब'को रुपमा विकास भइरहेको छ । विकट क्षेत्रको रुपमा रहेको यो स्थानलाई पर्यटनको केन्द्र बनाउने गरी योजना अघि बढाएको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले बताए । मोक्तानका अनुसार गाउँपालिकाको आन्तरिक स्रोत व्यवस्थापन गरी पर्यटन विकासका लागि बिभिन्न काम भइरहेको छ । हाल यो क्षेत्रमा पदयात्रा गर्नेहरुको आगमन बढेको उनले बताए । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकको संख्या बढ्दो रहेको उनको भनाइ छ ।

गाउँपालिकाले कैलाश वैकुण्ठलाई पर्यटकीयक्षेत्र बनाउन प्राथमिकताका साथ लगानी गरेसँगै आकर्षक पार्क, गुम्बालगायत संरचना निर्माण गरेको अध्यक्ष मोक्तानले जानकारी दिए । वैकुण्ठमा करिब एक करोडको लगानीमा जीपलाइन निर्माणको काम अन्तिम चरणमा रहेको उनको भनाइ छ । ऐतिहासिक विष्णुकुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले वैकुण्ठ निकै महत्वपूर्ण मानिएको अध्यक्ष मोक्तानले बताए । कैलाश वैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिका साथै बागमती प्रदेश सरकारले लगानी गरेको उनले जानकारी दिए ।

अध्यक्ष मोक्तानका अनुसार गाउँपालिकाको पहलमा प्रदेश सरकारले २० लाख रुपैयाँ लगानी गरेपछि डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क निर्माण गरिएको छ । ऐतिहासिक वैकुण्ठडाँडामै गाउँपालिकाले २२ लाख रुपैयाँ लगानी गरी टासी फर्पे छोयलिङ गुम्बा निर्माण गरिएको उनले बताए । डाँफे मुनाल पार्ककै मुनि अग्लो डाँडाको समथल ठाउँमा सधैँ पानी जमिरहने पोखरीलाई विष्णुकुण्डको नाम दिइएको मोक्तान बताउँछन् ।

वैकुण्ठमा पछिल्लो समय धेरै संरचना निर्माण भइसकेको र पर्यटक आउने गरेको अध्यक्ष मोक्तानले बताए । उनका अनुसार डाँफे मुनाल पार्कसँगै प्रदेश सरकारको १० लाख रुपैयाँ लगानीमा वैकुण्ठगाउँमा सतीघाट संरक्षणस्थल पनि निर्माण गरिएको छ । करिब ४०० वर्षअघि वैकुण्ठमा मानवबस्ती बसाल्ने सुर्ज मोक्तानको कान्छी पत्नी केमालोमा मोक्तानले पतिको मृत्युपछि सती गई चिहान बनाइएको ठाउँलाई संरक्षण गरी सतीघाट निर्माण गरिएको अध्यक्ष मोक्तानले बताए ।

कैलाश-२, वैकुण्ठमा नवनिर्मित कैलाश-वैकुण्ठ जीपलाइनको पहिलोचरणको परीक्षण सकिएको छ । कैलाश गाउँपालिकाको वैकुण्ठदेखि कैलाशडाँडा जोड्ने जीपलाइन निर्माण भएको हो । गाउँपालिकाले बहुवर्षीय योजना बनाइ दुई स्थानमा स्टेशन, ब्रेकिङ सिस्टम (हारनेस) र तार निर्माण गरेको थियो । अध्यक्ष मोक्तानका अनुसार पर्यटनका लागि आवश्यक धेरै संरचना बनाइसकिएको र अब पर्यटकको आवासका लागि व्यवस्थित होमस्टे स्थापनाको योजनामा काम भइरहेको छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्ष बजेट विनियोजन गरी स्थानीय सरकार र स्थानीयको साझेदारीमा होमस्टे सञ्चालन गर्ने योजना तयार गरेको अध्यक्ष मोक्तानले बताए । रिसोर्ट र होटल सञ्चालनका लागि समेत निजीक्षेत्रलाई आह्वान गर्ने गाउँपालिकाको रणनीति रहेको उनले बताए । पर्यटन प्रवर्द्धन गर्न आगामी दिनमा स्काई साइक्लिङदेखि प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गर्ने योजना अनुसार प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए । आगामी आर्थिक वर्षमा कैलाश-१ र २ को सीमानामा रहेको गुप्तेश्वरी गुफा र कैलाशडाँडामा रहेको कैलाशगुफा जोड्ने सिँढीसहितको पैदलमार्ग बनाउने योजना अनुसार काम भइरहेको उनको भनाइ छ ।

# आर्थिकरुपमा विपन्न बालबालिकाको मुटुरोगको निःशुल्क उपचार हुने




साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ सरकारले १५ वर्ष मुनिका आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाको मुटुसम्बन्धी रोगको उपचार निःशुल्क गर्ने भएको छ ।

शुक्रवार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनका क्रममा यो जानकारी गराइएको हो । पत्रकार सम्मेलनमा बोल्दै मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सरकारले १५ वर्ष मुनिका आर्थिकरुपमा विपन्न परिवारका बालबालिकाको मुटु उपचार निःशुल्क गर्नेगरी शहीद गंगालाल अस्पताल सञ्चालक समितिबाट निर्णय गराएको बताएका छन् ।

उनले आर्थिक कठिनाइका कारण कुनैपनि बालबालिकालाई मुटु उपचारबाट वञ्चित हुन नदिने भन्ने सरकारको लक्ष बमोजिम यस्तो निर्णय गरिएको जानकारी दिए । कार्यक्रमका लागि मन्त्रालयले बजेट उपलब्ध गराउने, केही आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने निर्णय भएको बताए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रलाई ५ सय बालबालिकाको शल्यक्रिया सहितको मुटु उपचारको लागि प्रतिबालबालिका २ लाख ५० हजारको रुपैयाँ सहायता दिँदै आइरहेको उनले बताए । नेपालमा एक हजार बालबालिकामध्ये ८ देखि १० जनामा मुटुसम्बन्धी समस्या देखिने गरेको अध्ययनले देखाएको डा. बुढाथोकीको भनाइ छ ।

उनले भने, 'स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रलाई ५ सय बालबालिकाको शल्यक्रिया सहितको मुटु उपचारको लागि प्रतिबालबालिका २ लाख ५० हजारको रुपैयाँ सहायता दिँदै आइरहेको छ । नेपालमा एक हजार बालबालिकामध्ये ८ देखि १० जनामा मुटु सम्बन्धी समस्या देखिने गरेको अध्ययनले देखाएको छ ।' उनले मस्कुलर डिस्टोफी रोगको पहिचान, उपचार र रोकथाम एवम् पुनःस्थापनका लागि नीति तथा कार्ययोजना तयार गर्न प्राध्यापक डा.जगदीशप्रसाद अग्रवालको संयोजकत्वमा सुझाव समिति गठन भएको समेत जानकारी दिए ।

मस्कुलर डिस्टोफी एक प्रकारको अनुवंशिक रोग हो । जसले शरीरका मांसपेशीहरुलाई क्रमशः कमजोर बनाउँछ, जसले हिँड्न, दौडिन र खेल्न कठिन हुन्छ । मुटुरोगका कारण ग्रामीण क्षेत्रका हजारौं बालबालिकाले अकालमा ज्यान गुमाउनु परेको अवस्था छ ।

# पत्रकार महासंघको स्थापना दिवस स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/नेपाल पत्रकार महासंघले बदलिएको परिस्थितिका कारण स्थापना दिवसका अवसरमा देशभर आह्वान गरेको पूर्वनिर्धारित सम्पूर्ण कार्यक्रम स्थगित गरेको छ । स्थापना दिवसलाई पत्रकार 'हत्या' र सञ्चारगृह तथा संचारकर्मीमाथिको हमलाविरुद्ध आन्दोलनका रुपमा शोक र विरोधसभा गरी मनाउने तयारी भएको छ ।

महासंघको केन्द्रीय समितिले भोलि चैत १६ गते शनिबार बिहान ८:०० माइतीघर मण्डलामा भेला भएर पत्रकारको 'हत्या' र सञ्चारमाध्यममाथि भएको ज्यादतीविरुद्ध विरोधसभा गर्ने भएको छ । महासंघका महासचिव रामप्रसाद दाहालले शुक्रबार साँझ बिज्ञप्ती जारी गर्दै स्थापना दिवसलाई शोक दिवसको रुपमा मनाउन देशभरका पत्रकारसमक्ष आग्रह गरेका छन् । आन्दोलनकारीले लगाएको आगोमा जलेर मृत्यु भएका पत्रकारप्रति श्रद्धाञ्जली र सञ्चारमाध्यममा भएको हमलाविरुद्ध हातेमालो गर्न महासंघ सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, अधिकारकर्मी, मानवअधिकारकर्मी तथा प्रेस स्वतन्त्रताकर्मी सम्पूर्ण नागरिकलाई महासंघले आह्वान गरेको छ ।

चैत १६ गतेका लागि महासंघका उपत्यका बाहिरका प्रदेश समिति तथा शाखा समितिले स्थापना दिवसका अवसरमा तय गरेको सम्पूर्ण कार्यक्रम स्थगित गरी केन्द्रीय समितिले तय गरेबमोजिम गर्न अनुरोध गरेको छ । हरेक चैत १६ गते पत्रकार महासंघले प्रभातफेरीसहित स्थापना दिवस मनाउँदै आएको थियो । मकवानपुर शाखाले पनि स्थापना दिवसको अवसरमा निशुल्क स्वास्थ्य परीक्षण शिबिर तथा अन्तरक्रियाको कार्यक्रमको आयोजना गरेको थियो । सबै कार्यक्रम स्थगित गरी शोकसभा तथा बिरोधसभा गर्ने तयारी गरिएको महासंघका जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले साझाकुरालाई बताए ।

# तीनकुने घटनामा सरकारको निष्कर्ष- हिंसा हो, फौजदारी कारबाही हुन्छ

काठमाडौं, १५ चैत/ राजावादीले तीनकुनेमा गरेको प्रदर्शनलाई सरकारले हिंसाको रुपमा हेरेको छ । यो कुनै राजनीतिक र वैचारिक आन्दोलन नभई हिंसात्मक प्रदर्शन भएको निष्कर्ष निकाल्दै सोहीअनुसार कारबाही गर्ने रणनीति सरकारले अपनाएको छ ।

तीनकुनेको प्रदर्शनमा व्यक्ति मर्नेदेखि तोडफोड र आगजनीको घटना भएपछि यसबारे जानकारी दिन गृहमन्त्रालयले पत्रकार सम्मेलन गरेको थियो । साँझ ६ बजे सिंहदरबारस्थित मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा गृहका सहसचिव छवि रिजालले समेत तीनकुनेको प्रदर्शनलाई हिंसाको रुपमा हेरिएको बताएका छन् ।

तीनकुनेमा तनाव सिर्जना भएपछि दिउँसै गृहमन्त्री रमेश लेखकले मन्त्रालयमा सुरक्षा संयन्त्रका प्रमुखलाई बोलाएर छलफल गरेका थिए । उक्त छलफलले समेत तीनकुनेको प्रदर्शन आन्दोलन नभई हिंसात्मक भिड रहको निष्कर्ष निकालेको गृहका एक अधिकारीले बताए ।

गृहमन्त्रालयका सहसचिव रिजालले भने, 'स्तवन्त्रताको मिसयुज भयो । सभ्य समाजले कल्पनासमेत गर्न नसक्ने हिंसा आजको तीनकुने प्रदर्शनमा भयो ।'

**गृहका सहसचिव छवि रिजाल**

अहिलेसम्मको सरकारी तथ्यांकअनुसार राजावादीको प्रदर्शनमा एभिन्युज टेलिभिजका पत्रकार सुरेश रजक र अर्का प्रदर्शनकारी २९ वर्षीय सविन महर्जनको मृत्यु भयो । सरकारी तथ्यांकअनुसार अहिलेसम्म १५ जना प्रदर्शनकारी र १५ जना सुरक्षाकर्मी घाइते भएको विवरण संकलन भएको गृह मन्त्रालयले जनाएको छ ।

यो स्थिति आउनुमा राजावादी आन्दोलनका कमान्डर दुर्गा प्रसाईं मुख्य रहेको गृहमन्त्रालयको बैठकले निष्कर्ष निकालेको छ । गृह प्रवक्तासमेत रहेका रिजालले पनि प्रसाईंकै कारण आन्दोलन भड्किएको बताए । 'जब दुर्गा प्रसाईंले सुरक्षाकर्मीलाई मार्ने नियतले गाडी चलाए । त्यसपछि स्थिति भड्किएको हो' रिजालले भने ।

रिजालले भनेजस्तै सार्वजनिक भिडिओमा समेत प्रसाईंले सुरक्षाकर्मीलाई गाडीले पेल्दै अघि बढेको देखिन्छ । आओ-आओ भन्दै उनी गाडी चलाउँदै अघि बढेको



देखिन्छ । केही पर भने निषेधित क्षेत्रमा ठूलो संख्यामा प्रहरी उभिएका थिए । उग्र गाली गर्दै गाडी चलाउँदै अघि बढेका प्रसाईंले सुरक्षाकर्मीलाई समेत अश्लिल गाली गरेका थिए ।

प्रहरीले उनको गाडी रोक्न खोजेको थियो । तर उनी भने प्रहरीलाई नै पेल्दै अघि बढेका थिए । निषेधित क्षेत्र तोडेर अघि बढेका प्रसाईंकै कारण राजावादीको आन्दोलन निकै उग्र बनेको र अहिलेको यो स्थिति आएको सरकारी संयन्त्रको बुझाइ छ ।

**फौजदारी कारबाही हुन्छ**

व्यक्तिको मृत्युदेखि सञ्चारगृहहरु तोडफोड, राजनीतिक दलका पार्टी कार्यालयहरु तोडफोड र आगजनी, व्यापारिक कम्प्लेक्सहरुमा दिनदहाडै लुटपाट, व्यक्तिका घरमा आगजनी, सवारी साधनहरु तोडफोड र आगजनी जस्ता हिंसात्मक गतिविधि दुर्गा प्रसाईं कमान्डर रहेको आजको राजावादीको प्रदर्शनमा भयो ।

यो प्रदर्शनलाई हिंसाको संज्ञा दिएको सरकारी संयन्त्रले आजको आगजनी र तोडफोडमा उत्रिनेहरूलाई फौजदारी कारबाही गर्ने तयारी गरेको छ । ज्यान मार्ने उद्योगदेखि आगलागीसम्मका कसुरमा कारबाही प्रक्रिया अघि बढाउने सरकारी निकायको तयारी छ । यो कुनै क्षमायोग्य घटना नभएकाले कानुनबमोजिम कारबाही हुने पनि गृहका सहसचिव रिजाल बताउँछन् ।

आन्दोलनका कमान्डर भनिएका दुर्गा प्रसाईंले मान्छे उक्साउनेदेखि सुरक्षाकर्मीलाई पेल्दै गाडी चलाएको विषयमा संचारकर्मीले सोधको प्रश्नमा गृह प्रवक्ता रिजालले भने, 'सुरक्षाकर्मीलाई मार्ने नियतले प्रसाईंले गाडी चलाएको देखिन्छ । छानबिन गरेर कारबाही हुन्छ ।'

यसका साथै सुरक्षा संयन्त्रलाई समेत आवश्यक निर्देशन भइसकेको गृह स्रोतले बतायो । सुरक्षा संयन्त्रले सूक्ष्म ढंगले अनुसन्धान अघि बढाइसकेको र कमान्डर भनिएका प्रसाईंलाई समेत पक्राउ गर्ने तयारी गरिएको छ । प्रसाईंलाई खोज्न सादा पोशाकको प्रहरी परिचालन भइसकेको छ । यद्यपि, अहिलेसम्म उनी फेला परेका छैनन् ।

कसलाई के कारबाही हुन्छ भन्नेमा अहिले यकिन नभएको रिजाल बताउँछन् । 'अनुसन्धान हुन्छ । कसको भूमिका के देखिन्छ, त्यहीअनुसार कारबाही प्रक्रिया अघि बढ्छ,' उनले भने । यसको सम्पूर्ण जिम्मा आयोजकले लिनुपर्ने बताइएको छ । शुक्रबारको प्रदर्शनमा भएको घटना अनुमान गरेभन्दा फरक र अराजक भएको सुरक्षा संयन्त्रको बुझाइ छ । गणतन्त्रवादी र राजावादीको प्रदर्शन हुने भएपछि सोहीअनुसार सुरक्षा रणनीति बनाएर काम गरिएको प्रहरीको भनाइ छ ।

तर, स्थिति अनुमान गरेभन्दा फरक र अराजक भएको बुझाइ सुरक्षा संयन्त्रको छ । व्यक्तिको मृत्युदेखि आगजनीसम्मका घटना भएकाले यसको विश्लेषण गरेर आगामी रणनीति बनाइने गृह मन्त्रालयले बताएको छ । थप फौज परिचालनदेखि र सूचना संकलनसम्मको कामलाई थप तिव्रता दिने बताइएको छ ।

योसँगै काठमाडौं उपत्यका लगायत अन्य ठाउँका संवेदनशील क्षेत्रहरुमा समेत विशेष निगरानी गर्दै सुरक्षाकर्मीको संख्या बढाइएको छ । भीभीआईपी, भीआईपी ठाउँ तथा उनीहरुका निवास, बैंक तथा व्यापारिक केन्द्र, राजनीतिक दलका पार्टी कार्यालयहरूमा समेत अहिले विशेष निगरानी बढाइएको छ । आजको काठमाडौंको प्रदर्शनमा मात्रै ५ हजार सुरक्षाकर्मी परिचालन गरिएको दाबी गृहमन्त्रालयको छ ।

*(स्रोतः अनलाइनखबर)*

# ६८ औं राष्ट्रिय सहकारी दिवस भव्यरुपमा मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ 'मर्यादित सहकारी : सम्मुन्नत समाज' भन्ने नाराकासाथ बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघ र मकवानपुरका विषयगत सहकारी संघ, संस्थाको समन्वयमा ६८ औं राष्ट्रिय सहकारी दिवस विविध कार्यक्रम सहित भव्यरुपमा मनाइने भएको छ ।

६८ औं राष्ट्रिय सहकारी दिवस मूलसमारोह समितिको बैठकले बागमती प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि चैत्र १४ गतेदेखि सप्ताहब्यापी विभिन्न कार्यक्रम तय गरेकोछ । यसअघि नै ६८ औं राष्ट्रिय सहकारी दिवस मनाउन बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा मूलसमारोह समिति गठन भइसकेको छ । समितिले बागमती प्रदेशभरका सहकारी संघसंस्थाले सहकारी दिवसलाई प्रभावकारीरुपले सञ्चालन गर्न निर्देशन समेत दिएको छ ।

सहकारी दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने संयोजक देवकोटाले बताए । समितिको कार्यक्रम अन्तरगत १४ गते प्रदेशभरका सबै सहकारी संघ/संस्थाको कार्यालयमा ६८ औं सहकारी दिवसको नारा सहितको ब्यानर राख्ने, १८ गते सोमबार 'ऋण लगानी, असुली र कानून कार्यान्वयनमा समस्या' विषयमा सहकारी संस्थाका अध्यक्ष र ब्यवस्थापकसँग अन्तरक्रिया गर्ने, १९ गते बिहान ७ बजेदेखि हेटौंडाको बुद्धचोकमा रक्तदान आयोजना गर्ने र २० गते बिहान ७:०० बजे हेटौंडा-१ चौकीटोलको रोपवेचौरबाट प्रभातफेरी गरिने भएको छ ।

प्रभातफेरी रोयलप्यालेस हेटौंडामा पुगेर प्रवचन, पुरस्कार तथा सम्मान वितरणमा परिणत हुनेछ । साँझ बागमती प्रदेशका सहकारी संघसंस्थाले दीपावली गरी सहकारी दिवस समापन गरिने समितिका कार्यालय सचिव गोबिन्द दाहालले बताए । सचिवालयले सप्ताहअवधिमा बागमती प्रदेशका सहकारी संस्थाले सञ्चालन गर्ने सहकारी दिवस लक्षित कार्यक्रमको जानकारी सहकारी दिवस सचिवालयमा उपलब्ध गराउन अनुरोध गरेको छ । कार्यक्रमलाई समेत समितिको कार्यक्रममा समावेश गरिने जानकारी कार्यालय सचिव दाहालले बताए । बि.सं. २०१३ साल चैत २० गते चितवनमा बखान ऋण सहकारीको स्थापना भएको दिनलाई आधारमानी हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मानाईदै आएको छ ।

## भुल सुधार

श्री मालपोत कार्यालय मकवानपुरको मिति २०८१/१२/११ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना यस दैनिक पत्रिकाको मिति २०८१/१२/१३ गते पृष्ठ ४ मा प्रकाशित सूचनामा तपशिल फिल्डबुकको व्यहोरामा कित्ता नं. ४२० हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ । -सम्पादक


## नवीकरण सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २५ औं वार्षिक साधारण सभा मिति २०८२ वैशाख ०६ गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौ ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले यस संघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८१ चैत्र मसान्त सम्ममा २०८१/०८२ को अनिवार्य रुपमा यस संघमा नवीकरण गराईसक्नु पर्ने व्यवस्था भए अनुसार अनिवार्य रुपमा संघमा नवीकरण गर्नु गराउनु हुन हार्दिक अनुरोध गर्दछ ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**
सम्पर्क नं.: ०५७-५२०८१६


# लियो जिल्ला परिषद् उपाध्यक्षमा पृथ्वीको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/नेपाल लियो जिल्ला परिषद् उपाध्यक्षमा पृथ्वी नेपालले उम्मेदवारी दिएका छन् । आगामी बैशाख ६ गते हुने नेपाल लियो जिल्ला परिषद् ३२५ एस नेपालको सन् २०२५/२६ कार्यकालका लागि उपाध्यक्षमा नेपालले उम्मेदवारी दिएका हुन् ।

विगत एक दशकदेखि सामाजिक कार्यमा सक्रिय लियो क्लबमा आवद्ध रहेका हेटौंडाका नेपालले शुक्रबार आफ्नो उम्मेदवारी मनोनयन दर्ता गराएका हुन् । उनले लियो क्लबलाई आफ्नो दोस्रो परिवार भएको बताउँदै, अनुभव बटुल्ने, सिक्ने र सिकाउने अवसर पाएको बताएका छन् ।



नेपालले लियो क्लबलाई थप आकर्षक र ऊर्जावान बनाउन आफूले उम्मेदवारी दिएको उल्लेख गर्दै सबै साथीहरुको साथ र समर्थनको अपेक्षा राखेका छन् । उपाध्यक्ष पदको प्रतिस्पर्धामा उनीसँग अभिषेक तम्राकार रहेका छन् ।

नेपाल लियो जिल्ला परिषद ३२५ एस नेपालको निर्वाचन बैशाख ६ गते हेटौंडामा हुँदैछ, जसमा विभिन्न पदका लागि प्रतिस्पर्धा हुनेछ ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै
सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना